का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ असोज २०८१,
बुधबार
25 September, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २२५ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com



# अस्पतालमै बिरामी असुरक्षित

प्रदेश अस्पताल सुर्खेतमा भएका प्रत्येकजसो मृत्युका घटनामा मृतकका आफन्तहरु छानबिनको माग गर्छन् । तर अस्पतालले कुनै पनि घटनाको अनुसन्धान गरेर सही निष्कर्ष नदिएको नागरिकको गुनासो छ ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ८ असोज ।

कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेतमा एकपछि अर्को मृत्युका घटना विवादमा आउने गरेका छन् ।

प्रदेश अस्पतालमा भएका प्रत्येकजसो मृत्युका घटनामा मृतकका आफन्तहरू छानबिनको माग गर्छन् । तर, अस्पतालले कुनै पनि घटनाको अनुसन्धान गरेर सही निष्कर्ष नदिएको नागरिकको गुनासो छ ।

सुत्केरी गराउन पुगेकी महिलाको समेत मृत्यु हुन पुगेको र यस्तोमा अस्पतालको लापरवाही रहेको आरोप मृतकका आफन्तको छ ।

## घटना – १

२०८० भदौ २९ गते सुर्खेतको पञ्चपुरी नगरपालिका-२ घर भई वीरेन्द्रनगर बस्दै आएकी जानकी रेग्मीलाई सुत्केरी बेथाले च्यापेपछि प्रदेश अस्पतालको प्रसूति वार्डमा भर्ना गरियो । उनी सोही दिन प्रसूति वार्डमा सुत्केरी भइन् । सुत्केरी भएपश्चात् एक्कासि समस्या देखा परेपछि उनलाई अप्रेसन वार्डमा लगेर शल्यक्रिया गरियो । तर भदौ ३१ गते अस्पतालले उनलाई एक्कासि मृत्युको घोषणा गर्‍यो । उनको अस्पतालमै छोरा समेत जन्मिएको पृष्ठ २ मा

## घटना – २

गत २९ चैत २०८० मा दैलेखको आठवीस नगरपालिका पिपलकोटकी २१ वर्षे युवती रिजुका बलामी प्रदेश अस्पताल कालागाउँमा भर्ना भइन् । ९ महिनाको बालिका बाहिर आफन्तलाई छोडेर उनी पाठेघर सफा गर्ने भन्दै अस्पतालमा भर्ना भएकी थिइन् । रिजुकाको पाठेघरमा समस्या भएको भन्दै निजी अस्पतालमा चेकजाँच पश्चात् प्रदेश अस्पताल कालागाउँमा पुर्‍याइएको थियो । अस्पताल लगेपछि पाठेघर सफा गर्न भन्दै डाक्टरले काम सुरु गरेको थिए । पृष्ठ २ मा

## घटना – ३

आइतबार वीरेन्द्रनगर-६ बस्ने १९ वर्षीया शर्मिला कुमाल अस्पतालमा भर्ना भइन् । उनी सुत्केरी व्यथाले च्यापेपछि अस्पताल भर्ना भएकी थिइन् । अस्पतालमा उनलाई रक्तस्राव भएको र आइसियुमा राखेर उपचार गरिएकोमा उनको सोमबार बिहान पौने ३ बजेको समयमा मृत्यु भयो । मृत्युपछि शर्मिलाका आफन्तहरूले दिनभर अस्पताल परिसरमा आन्दोलन गरे । शर्मिलाका आफन्तले डाक्टरको लापरवाहीले आफ्नो मान्छेको मृत्यु भएको भन्दै विभिन्न पृष्ठ २ मा

## अस्पताल किन छैन गम्भीर ?

प्रदेश अस्पतालमा सुत्केरी महिलाको ठुलो संख्यामा मृत्यु हुने गरे पनि प्रदेश अस्पतालले यसको सत्य तथ्य छानबिन गर्न सकेको छैन । अस्पतालले सुत्केरी महिलाको मृत्युमा अस्पतालको कुनै पनि त्रुटि नरहेको दाबी गर्दै आएको छ ।

तर मृतकका आफन्तहरू अस्पतालको उक्त कुरालाई प्रतिकार गर्दै आएका छन् । अस्पतालले गत चैतमा भएको भिमाको घटनामा शल्यक्रियामार्फत पाठेघर सफा गरेपछि ओरल प्रेग्नेन्सी अवस्थामा जटिल पल्मोनरी एम्बोल्सिम देखा परेपछि बचाउन नसकिएको जनाएको थियो ।

रगत बग्ने समस्या लिई आउनुभएकोमा भिडियो एक्स-रे गर्दा पाठेघरमा सालको ट्युमर देखिएको र सोको पृष्ठ २ मा

# बालविवाहमा बलात्कार मुद्दा नचल्ने

**शिव विक/मध्यान्ह**
काठमाडौं, ८ असोज ।

बालविवाहमा बलात्कार मुद्दा नचल्ने भएको छ । प्रेममा परेर वा बाबुआमाको मञ्जुरीबिना विवाह गरेका नाबालकहरुलाई अभिभावकले बलात्कार, अपहरण तथा शरीर बन्धक लगायतका एकीकृत कसुरमा मुद्दा चलाउने गरेका थिए । अबदेखि यस्तो दाबी गरिए मुद्दा चल्ने छैन ।

महान्यायाधिवक्ता कार्यालयले बालविवाहमा बलात्कार मुद्दा नचलाउन सरकारी वकिलका कार्यालयहरुलाई परिपत्र गरेको छ । यो सँगै बालविवाहमा बलात्कार मुद्दा नचल्ने भएको हो । परिपत्रमा महान्यायाधिवक्ता कार्यालयले बालविवाह गरेकै आधारमा बलात्कारको मुद्दा नचलाउन भनिएको छ ।

महान्यायाधिवक्ता कार्यालयले बलात्कार भएकै घटनाबाहेक बालविवाहको कसुर आकर्षित हुने अवस्थामा अरु मुद्दा नजोड्न निर्देशन दिएको हो । बालबालिकाको सर्वोत्तम हितलाई संरक्षण गर्नु नेपाल सरकारको कर्तव्य भएको उल्लेख गर्दै महान्यायाधिवक्ता कार्यालयको निर्णयमा भनिएको छ, ‘यस्तो अवस्थामा अनुसन्धान र अभियोजन गर्दा अधिक अपराधीकरण गरी नाबालकलाई धेरै मुद्दा चलाउने भन्दा सुधार गर्ने गरी अनुसन्धान र अभियोजन गर्नु उचित हुन्छ ।’

अरु अपराध गर्ने उद्देश्य नराखेको तर बालविवाह गरेकै कारण अरु कसुर आकर्षित हुने देखिएमा ‘अधिक अपराधीकरण नहुने व्यवस्था गर्नु’ निर्देशनमा भनिएको छ ।

महान्यायाधिवक्ता रमेश बडालका अनुसार तराई लगायत विभिन्न जिल्लाका कारागार र बाल सुधार गृहहरुको अनुगमन गरेपछि यस्तो निर्णयमा पुगिएको हो ।

उनी भन्छन्, ‘तराई लगायत विभिन्न जिल्लाका कारागार र बाल सुधार गृहहरुको अनुगमन गरेपछि यस्तो निर्णयमा पुगिएको हो । सर्वोच्च अदालतको ब्याख्याले पनि बालविवाहमा बलात्कार मुद्दा नचल्ने भनेको छ । यस आधारमा निर्णय लिइएको हो ।’

सर्वोच्च अदालतले पनि बालविवाहमा बलात्कार मुद्दा नचल्ने ब्याख्या यसअघि गरिसकेको छ ।



> तराईलगायत विभिन्न जिल्लाका कारागार र बाल सुधार गृहहरुको अनुगमन गरेपछि यस्तो निर्णयमा पुगिएको हो । सर्वोच्च अदालतको व्याख्याले पनि बालविवाहमा बलात्कार मुद्दा नचल्ने भनेको छ । यस आधारमा निर्णय लिइएको हो ।
>
> **रमेश बडाल**
> **महान्यायाधिवक्ता**

सर्वोच्च अदालतका न्यायाधीशद्वय अनिलकुमार सिन्हा र डा. कुमार चुडालको संयुक्त इजलासले २०७९ कात्तिक २८ गते गरेको फैसलामा यस्तो ब्याख्या छ । उक्त फैसलामा विवाहपछि यौनसम्बन्ध हुनुलाई ‘सामाजिक मान्यता, समाज विकासको आधारभूत पक्ष एवं शारीरिक आवश्यकता भएकाले विवाहित पति-पत्नीको भावनासाथ शारीरिक सम्पर्क पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# चाडपर्व नजिकिँदै गर्दा वैदेशिक रोजगारमा जाने क्रममा देखियो सुस्तता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असोज

चाडपर्व नजिकिएसँगै वैदेशिक रोजगारमा जाने क्रममा सुस्तता देखिन थालेको छ । साउन महिनाको तुलनामा भदौमा वैदेशिक रोजगारीमा गएको संख्याले वैदेशिक रोजगारीमा जानेको क्रम घट्दो दरमा देखिएको हो । साउनमा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत जानेको संख्यामा कमी नआएपनि समग्रमा भने कमी आएको छ । भदौमा ५७ हजार ४ सय ९३ जना वैदेशिक रोजगारीमा गएका छन् । साउनमा उक्त संख्या ५९ हजार ५ सय ७५ रहेको थियो । भदौमा समग्रमा ५७ हजार ४ सय ९२ जना वैदेशिक रोजगारीमा गएकोमा म्यानपावर कम्पनीमार्फत २९ हजार ५ सय २८ जनाको श्रम स्वीकृति भएको वैदेशिक रोजगार विभागले जनाएको छ । भदौमा ९ हजार बढीले व्यक्तिगत नयाँ श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगार विभागको भदौ महिनाको प्रगति प्रतिवेदनअनुसार भदौमा सबैभन्दा धेरै यूएई गएका छन् । भदौमा १८ हजार ६ सय ५ जान यूएई गएकोमा म्यानपावर कम्पनीमार्फत १२ हजार ९ सय ६७ जनाले श्रम स्वीकृति लिएका छन् । दोस्रो स्थानमा रहेको साउदी अरेबियामा ७ हजार २ सय ३५ जना, तेस्रोमा रहेको कतारमा ३ हजार ७ सय ९० जना र सूचीको चौथो नम्बरमा रहेको पृष्ठ २ मा

### भदौमा सबैभन्दा धेरै कामदार पठाउने म्यानपावर

## पहिलो एसओएस, दोस्रो एडभान्स र तेस्रो नीलकमल

**काठमाडौं/मस–** भदौ महिनामा ६ दर्जन म्यानपावर कम्पनीले कम्तीमा एक सय बढी कामदार वैदेशिक रोजगारमा पठाएका छन् । भदौमा २९ हजार ५ सय २८ जना कामदारले संस्थागत अर्थात म्यानपावर कम्पनीबाट श्रम स्वीकृति लिएका छन् । एसओएस म्यानपावर सर्भिस प्रा.लि. सबैभन्दा धेरै कामदार उडाएर भदौमा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । उक्त कम्पनीले भदौ महिनामा ९ सय ७ जना कामदारको श्रम स्वीकृति लिएको छ ।यसैगरी

एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्स प्रा.लि. ८२० जना कामदार पठाएर दोस्रो र नील कमल ह्युमन रिसोर्स प्रा.लि. ५०६ जना कामदार पठाएर तेस्रो बनेको छ ।

**सय बढी कामदार पठाएका म्यानपावर कम्पनीहरू :**
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ९०७
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्स प्रा.लि.- ८२०
नील कमल ह्युमन रिसोर्स प्रा.लि.- ५०६ पृष्ठ २ मा

## नेपाल मेडिकल व्यवसायी संघको अध्यक्षमा अर्याल



**काठमाडौं/मस–** नेपाल मेडिकल व्यवसायी संघको अध्यक्षमा नेपोलियन हेल्थ केयर सेन्टर प्रा. लि. का संचालक तारानाथ अर्याल सर्वसम्मतरुपमा निर्वाचित भएका छन् । मंगलबार भएको कार्यसमिति निर्वाचनमा अध्यक्षसहित पदाधिकारी र कार्यसमिति सदस्यहरु सर्वसम्मतिले पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
SALARY - No Bar for Deserving candidates
PRO Required - 4 Male/ Female
Qualification: - More than 5 years of Experience in Manpower Field
9823486681 | 9819779867 hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६

# पछि हटे प्रस्तावित राजदूत शैक्षिक योग्यतामा समस्या

राजदूत हुनका लागि स्नातक तह पास गरेको हुनुपर्छ । संसदीय सुनुवाइ समितिले त्यसको प्रमाणपत्र श्रीलंकाका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईसँग माग गरेको थियो । तर भट्टराईले शैक्षिक योग्यताको प्रमाणपत्र दिनुको सट्टा नाम नै फिर्ता लिए ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ असोज ।

श्रीलंकाका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईले आफ्नो नाम फिर्ता लिएका छन् । शैक्षिक योग्यता नै नपुगेपछि उनले संसदीय सुनुवाइ सकेर निर्णय गर्न खोजिरहेका बेला उनले नाम फिर्ता लिएका हुन् ।

राजदूत हुनका लागि स्नातक तह पास गरेको हुनुपर्छ । संसदीय सुनुवाइ समितिले स्नातक तह उतीर्णको प्रमाणपत्र माग गरेको थियो । अन्यथा, अस्वीकृत गर्ने सुनुवाइ समितिको तयारी थियो । तर, उनले उक्त प्रमाणपत्र दिनुको सट्टा प्रस्तावित राजदूतबाट नाम नै फिर्ता लिए ।

बाँकी १६ जना प्रस्तावित पृष्ठ २ मा

हार्दिक बधाई तथा शुभकामना




नेपाल मेडिकल व्यवसायी संघ (NEMOO) को निर्वाचन सहितको सातौं साधारण सभाद्वारा सम्पन्न निर्वाचनबाट नेपोलियन हेल्थ केयर सेन्टर प्रा. लि. का सञ्चालक तथा प्रशासन संयोजक एवं नेपाल वैदेशिक रोजगार व्यवसायिक एकता समितिका महासचिव **तारानाथ अर्याल**ज्यू अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनु भएकोमा उहाँ तथा उहाँको नव निर्वाचित टिमलाई हार्दिक बधाई तथा सफल कार्यकालका लागि **माङ्गलिक शुभ-कामाना** व्यक्त गर्दछौं ।

हरि बहादुर पाण्डे क्षत्री
अध्यक्ष
नेपोलियन हेल्थ केयर सेन्टर प्रा. लि. तथा
नेपाल वैदेशिक रोजगार व्यवसायीक एकता समिति, परिवार
सामाखुसी, काठमाडौ

# स्वास्थ्य चौकी भवन क्षतिग्रस्त भएपछि त्रिपालबाट सेवा

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ८ असोज

बझाङमा एक स्वास्थ्य चौकीको भवन भूकम्पले क्षतिग्रस्त भएपछि एक वर्षदेखि त्रिपालबाट सेवा दिँदै आइएको छ।

विनाशकारी भूकम्पले स्वास्थ्य संस्थाका भवन क्षतिग्रस्त भएपछि त्रिपालबाट सेवा प्रवाह गर्न थालिएको हो। २०८० साल असोज १६ गते गएको भूकम्पले मष्टा गाउँपालिका-१ मा रहेको कोटदेवल स्वास्थ्य चौकी भवन क्षतिग्रस्त भएको थियो। भवन क्षतिग्रस्त भएपछि सामान्य, जटिल रोगका बिरामी ,गर्भवती, सुत्केरी महिला समस्यामा परेका छन्।

मष्टा गाँउपालिकाको कोटदेवल स्वास्थ्य चौकी पूर्ण रुपमा क्षतिग्रत भएपछि प्रसुति सेवा भने टेन्टबाट दिन थालिएको छ। स्वास्थ्य चौकीको भवन पूर्ण रुपले क्षतिग्रस्त भएपछि सबै सेवा त्रिपालबाट दिन थालिएको कोटदेवल स्वास्थ्य चौकीका प्रमुख प्रकाश खड्काले जानकारी दिए। खड्काले भने, 'स्वास्थ्य चौकी भवन आफैं बिरामी भएजस्तो स्थिति छ।' गर्मिको समयमा बिरामीलाई त्रिपालमा राखेर उपचार गर्दा निकै समस्या भएको खड्काको भनाइ छ। तर स्वास्थ्य चौकीसँग यसको विकल्प छैन।



मष्टा गाउँपालिका-१ का वडाअध्यक्ष रामचन्द्र रोकायाले भने, 'गत वर्षको असोज महिनाबाट स्वास्थ्य चौकीले त्रिपालबाट सुत्केरी महिलासहितलाई अन्य सेवा दिँदै आएको छ। स्वास्थ्यचौकी भवन क्षति भएको छ। सुत्केरी गर्भवती महिला लगायत बिरामीहरु समस्यामा परेका छन्।' वडाको रकमले भवन निर्माणको लागि नभ्याउने भएपछि गाउँपालिका, प्रदेश र केन्द्रमा माग गरिएको समेत वडाध्यक्ष रोकायाले बताए।

# एनआरएनए साउदीद्वारा पूर्वी प्रान्तमा दूतावासको सम्पर्क कार्यालय राख्न माग

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, ८ असोज

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् साउदी अरबले साउदी अरबको पूर्वी प्रान्तमा रहेको बाक्लो नेपाली जनसंख्यालाई लक्षित गर्दै नेपाली वाणिज्य दूतावास वा कम्तीमा एक जना कूटनीतिक कर्मचारीसहितको सम्पर्क कार्यालय स्थापना गर्न परराष्ट्र मन्त्रालयलाई औपचारिक निवेदन दिएको छ।

पूर्वी प्रान्त, विशेषगरी दम्माम र आसपासका क्षेत्रमा हजारौं नेपाली श्रमिकहरू कार्यरत छन्। उनीहरूलाई सहज कूटनीतिक सेवा र सहयोग प्रदान गर्न यस्तो कार्यालयको आवश्यकता रहेको संघले बताएको छ।



यो निवेदन नेपाली राजदूतावास रियाद तथा महावाणिज्य दूतावास जेद्दामार्फत प्रस्तुत गरिएको हो। नेपाली राजदूतावास रियादद्वारा आयोजित संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ विशेष कार्यक्रममा संघका प्रमुख सल्लाहकार, सल्लाहकार, प्रमुख संरक्षक, संरक्षक, संस्थापक महासचिव, क्षेत्रीय समन्वय समितिहरू र राष्ट्रिय तथा अन्तर र्‌ाष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरूले सामूहिक रूपमा यो निवेदन कार्यवाहक राजदूत डा. डमरु वल्लभ पौडेललाई बुझाएका थिए।

संघले यस कदमले पूर्वी प्रान्त दम्माम, जुबेल, खोबार, अलहासा, होफ्रुप, रैमा आसपास रहेका नेपालीहरूको समस्यामा छिटो र प्रभावकारीरूपमा समाधान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

# सर्लाहीको रामनगरस्थित धान खेतमा बालकको शव फेला

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ८ असोज



सर्लाहीको रामनगर गाउँपालिका-२ इनर्वास्थित धान खेतमा एक ४ वर्षीय बालकको शव फेला परेको छ। जिल्लाको दक्षिणपश्चिम क्षेत्रमा पर्ने रामनगर गाउँपालिका-२ इनर्वाका रामध्यान रायका ४ वर्षीय छोरा तेजस्वी यादवको शव धान खेतमा फेला परेको हो।

बालक सोमबार साँझ साढे ७ बजे घरबाटै हराएका थिए। अबेर रातिसम्म परिवारजनले खोजी गरे पनि ती बालक फेला परेका थिएनन्। बालकको शव मंगलबारमात्र धान खेतमा फेला परेको प्रहरी नायब उपरीक्षक दिपक श्रेष्ठले जानकारी दिए। उनका अनुसार घरबाट ५ सय मिटर टाढा धान खेतमा बालकको शव फेला परेको छ।

स्थानीयका अनुसार राय दुई वटा विवाह गरेकोमा मृत फेला परेको बालक उनकी जेठी श्रीमतीका एकल सन्तान थिए। राय आफ्नो कान्छी श्रीमतीसँग गाउँमै बस्छन् भने उनकी जेठी श्रीमती गाउँमै रहेको रायको अर्को घरमा बस्ने गर्छिन्।

बालकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा ल्याइएको छ। बालकको सम्भावित मृत्यु नभएको र घटना शंकास्पद देखिएकोमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ९ वर्षदेखि बेपत्ता म्याग्दीका घर्ती मोना मलेसियाको सहयोगमा नेपाल फर्किए

**मध्यान्ह संवाददाता**
दोहा कतार, ८ असोज

वैदेशिक रोजगारीका क्रममा मलेसियामा हराएका म्याग्दीको धवलागिरि गाउँपालिका-४ का लिल प्रसाद घर्ती मंगलबार साँझ स्वदेश फर्किएका छन्।

११ वर्ष अगाडि मलेसिया पुगेर ९ वर्षदेखि परिवारसँग सम्पर्क विहीन घर्तीको मोना मलेसियाले खोज तथा उद्धारपछि एक नेपालीको रोहवरमा घर फर्किएका हुन्।

घर्तीको दुवै आँखा कमजोर भएका छन्। उनको खोजीका लागि श्रीमती लक्षिमा घर्तीले मोना मलेसियामा अपिल गरेपछि मोना खोज तथा उद्धारमा जुटेको थियो।

लामो समयको प्रयासपछि घर्तीलाई मोनाका प्रतिनिधिले सेलाङ्गर भन्ने स्थानमा रहेको एक केमिकल कम्पनीमा फेला पारेपछि घर फिर्तीका सबै प्रक्रिया पुराएर नेपाल फर्काउन सफल भएको मोना मलेसियाका अध्यक्ष पूर्णबहादुर रोकाले बताए।



कम्पनीमा तलब सुविधा न्यून रहेछ, दुःख र सास्ती उस्तै रहेको आफूहरूले देखेको बताउँदै उनले यो अभियान मोना मलेसियाको लागि ठूलो सफलता भएको बताए।

रोकाले खोज तथा उद्धार अभियानलाई सफल बनाउन सहयोग गर्ने जिल्ला प्रशासन कार्यालय म्याग्दीमा रहेको आप्रवासी सहायता केन्द्र, मलेसियास्थित नेपाली राजदूतावाससहित नेपाली संघसंस्थाहरुलाई हार्दिक आभार व्यक्त गरे।

घर्तीलाई स्वदेश फर्कने क्रममा बिदाइ गर्न एयरपोर्ट पुगेका मोना मलेसियाका महासचिव केश रोका मगरले काठमाडौंमा उनको आँखाको उपचार र घर फिर्तीका लागि मोना मार्फत केही सहयोग पनि जुटाएको बताए। 'तलबले खान बस्ने समेत मुस्किल थियो, सबैको सहयोगले घर फर्किन पाए, अब आँखाको उपचार गरी घरमै बस्छु, यसैमा म खुसी छु' महासचिव रोका मगरले मध्यान्ह राष्ट्रिय दैनिकसँगको कुराकानीमा घर्तीको भनाई उद्धृत गरे। उनस् घर फर्किन लागेका खबरले घर्तीको परिवारमा खुसीयाली छाएको छ भने उनलाई लिन छोरीसहित परिवारका अन्य सदस्य काठमाडौं आइपुगेका छन्।

यता मोना अन्तर्राष्ट्रियका अध्यक्ष ददीवल खड्काले मोना मलेसियाको सक्रियताका लागि धन्यवाद दिँदै मलेसियामा रहेका म्याग्देलीलाई मोनामा आबद्ध हुन समेत अनुरोध गरेका छन्। 'मोना दुःखसुखको साथी हो, प्रवासमा रहँदा मोनाको सम्पर्कमा रहनुहुन अनुरोध छ, हामीले जस्तोसुकै समस्या परेको बेलामा पनि सहयोग गर्छौं' अध्यक्ष खड्काले भने। उनले प्रवासमा परिवारको सम्पर्क बाहिर रहेकाहरूका बारेमा जानकारी गराउन समेत अपिल गरेका छन्।

# राजनीतिकर्मी तथा लेखक भट्टलाई पितृशोक

**चितवन/मस–** राजनीतिकर्मी तथा लेखक सुरेश भट्ट आश्रिनलाई पितृशोक परेको छ। बिबेकशील साझा पार्टीका केन्द्रीय सदस्य तथा अन्तर्राष्ट्रिय संयोजक भट्टका पीता गोविन्द प्रसाद भट्टको ५८ वर्षको उमेर गत भदौ ३० गते निधन भएको हो।



लामो समयदेखि क्यान्सर रोगबाट पीडित स्व. भट्टको चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा निधन भएको हो। स्व.भट्टका श्रीमती र दुई छोरा छन्।

## अस्पतालमै...

उपचारका लागि सोही दिन प्रसूति वार्डमा भर्ना गरी विशेषज्ञ चिकित्सकहरूको सल्लाहबमोजिम थप परीक्षण गरिएको अस्पतालले दाबी गरेको थियो। बिरामीका आफन्तले अस्पतालको लापरबाही नै भएको भन्दै छानबिन गरी उपचारमा संलग्न चिकित्सकलाई कारबाही गर्न माग गर्दै आएका छन्। तर अस्पतालले घटनाको सत्य तथ्य छानबिन नगरी विभिन्न बहाना बनाउँदै आएको छ। अस्पतालले आफ्नो कमजोरी नभई बिरामीकै कमजोरीले मृत्यु हुने गरेको दाबी गर्दै आएको छ।

अस्पतालमा घटेका सबै घटनाका आफन्तहरू आक्रोशित हुँदै सत्य तथ्य छानबिन गर्न आग्रह गर्दा पनि अस्पतालले हालसम्म कुनै पनि घटनाको अनुसन्धान गरेर सही निष्कर्ष निकालेको पाइएको छैन। यसले गर्दा पनि घटनामा अस्पतालकै चरम लापरबाही भएको पुष्टि हुन आउँछ। अस्पतालका सूचना अधिकारी विनोद बस्नेतले अस्पतालमा जनशक्ति अभाव लगायतका कारणले यस्ता घटना घट्ने गरेको बताए।

## घटना - १...

थियो। छोरा जन्मेपछि आमालाई जनरल वार्डमा राखिएको थियो।

त्यति बेलासम्म उनको अवस्था सामान्य थियो। उनले छोरालाई दूधसमेत खुवाएकी थिइन्। तर सोही वार्डमा एक्कासि बेहोस भइन् भन्दै अस्पतालले उनलाई आइसियुमा राख्यो। आइसियुमा राखिएकी केही समयमै अस्पतालले एक्कासि उनलाई मृत घोषणा गर्‍यो।

## घटना - २ ..

तर काम सुरु भएको केही समयपछि अस्पतालले उनलाई मृत घोषणा गर्दै शव बुझ्न परिवारलाई एक्कासि खबर गरे। उनका आफन्तले सेवामा खटिएका डाक्टरको लापरबाहीका कारण उनको मृत्यु भएको आरोप लगाएका थिए। उनीहरूले एक हप्तासम्म पनि शवको पोस्टमार्टम गर्न दिएका थिएनन्। मृतकका परिवारले अस्पतालले क्षतिपूर्ति नदिएसम्म शव जिम्मा नलिने अडान लिएका थिए। त्यति मात्रै होइन घटना अदालतसम्म पुगेको थियो। जिल्ला अदालत सुर्खेतले गत वैशाख २१ गते संवेदनशीलतालाई हेर्दा शव परीक्षण फरेन्सिक मेडिसिनका विशेषज्ञबाट गराउन आदेश दिएको थियो।

## घटना - ३...

नाराबाजी गर्दै अस्पतालमा तोडफोड समेत गरेका थिए। दिनभर अस्पताल तनावग्रस्त बनेको थियो।

अस्पतालका निर्देशक डा. डम्मर खड्का बिरामी भएर काठमाडौं छन्।

## बालविवाहमा...

रहेको' भनी बुझ्नुपर्ने उल्लेख गरेको छ।

नेपालको विद्यमान कानुनले विवाहका लागि योग्य उमेर भनेर २० वर्ष तोकेको छ। मुलुकी अपराध संहिता ऐन, २०७४ अनुसार यदि २० वर्ष नपुग्दै कसैले विवाह गर्न पाउँदैनन्। अगावै विवाह गरेका कारण धेरै किशोर वा युवा बलात्कार मुद्दामा जेलमा छन्।

कम उमेरमै विवाह वा बाल विवाहपछि भएको आपसी सहमतिको यौन सम्बन्धलाई पनि बलात्कार भन्दै अदालतले फैसला गरिदिँदा धेरै किशोर बाल सुधार गृह वा जेलमा पुगेको भन्दै सर्वोच्चले यस्तो ब्याख्या गरेको हो। सर्वोच्चको फैसलाको पूर्णपाठमा बालविवाहपछि भएको यौनसम्बन्धलाई जबरजस्ती करणी भन्न नमिल्ने उल्लेख छ।

सर्वोच्च अदालतको यही फैसला र ब्याख्याका आधारमा महान्यायाधिवक्ता कार्यालयले बालविवाहमा बलात्कार मुद्दा नचलाउन भनेको हो।

## पछि...

राजदूतको नाम भने संसदीय सुनुवाइ समितिबाट अनुमोदन भइसकेको छ।

अनुमोदित हुने राजदूतहरू हुन् - भारतका लागि शंकरप्रसाद शर्मा, जर्मनीका लागि डा. शैल रूपाखेती र डेनमार्कका लागि सुम्निमा तुलाधर, इजरायलका लागि धनप्रसाद पण्डित र मलेसियाका लागि प्रस्तावित राजदूत नेत्रप्रसाद तिमिल्सिना।

पाकिस्तानका लागि रीता धिताल, पोर्चुगलका लागि प्रकाशमणि पौडेल, कतारका लागि रमेशचन्द्र पौडेल, रुसका लागि जंगबहादुर चौहान र साउदी अरबका लागि नरेशविक्रम ढकालको नाम पनि अनुमोदिन भएको छ।

सुनुवाइ समितिले दक्षिण कोरियाका लागि डा. शिवमाया तुम्बाहाम्फे, दक्षिण अफ्रिकाका लागि प्रा.डा. कपिलमान श्रेष्ठ, स्पेनका लागि सनिल नेपाल, बेलायतका लागि चन्द्रकुमार घिमिरे र अमेरिकाका लागि लोकदर्शन रेग्मीको नाम संसदीय सनुवाइ समितिबाट अनुमोदन भएको छ।

संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

यी १६ जना प्रस्तावित राजदूतको नाम अनुमोदन गर्दा भट्टराईसँग भने सुनुवाइ समितिले स्नातक उतीर्ण भएको प्रमाणपत्र माग्ने निर्णय गरेको थियो। प्रमाणपत्र नदिएर भट्टराईले नाम नै फिर्ता लिएका हुन्।

त्यसपछि संसदीय सुनुवाइ समितिले राजदूत नियुक्तिका लागि संसदीय सुनुवाइ गर्न सिफारिस गर्दा सम्बन्धित व्यक्तिको योग्यता लगायतका कागजात पनि उपलब्ध गराइदिन निर्देश गरेको छ।

साथै, समितिले सरकारलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राजदूत सिफारिस गर्न पनि निर्देश गरेको छ। समितिमा समावेशी सिद्धान्त अनुरुप राजदूत सिफारिस नभएको भनेर उजुरी परेको थियो। त्यसआधारमा मंगलबार सिंहदरबारमा बसेको सुनुवाइ समितिको बैठकले समानुपातिक समावेशी सिद्धान्तसमेतको आधारमा राजदूत सिफारिस गर्न सरकारलाई निर्देश गरेको हो।

संविधानको धारा २८२ को उपधारा १ बमोजिम समावेशी र संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८० को दफा ३ को उपदफा १ बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा सिफारिस गर्नुपर्ने समितिको निर्देश छ।

## चाडपर्व...

कुवेतमा २ हजार ८ सय ७६ जनाको श्रम स्वीकृति भएको छ। मलेसियामा नयाँ एप्रुभल नखुल्दा नेपाली जाने क्रम रोकिएको छ। भदौमा मलेसिया १४ जना नयाँ कामदार गएका छन्। कतारमा होटल क्षेत्रको अकुपेन्सी बढेपनि विश्वकप फुटबलको आयोजनापछि नयाँ रोजगारी सिर्जना हुन नसकेको बताइएको छ।

बहराइनका लागि ६ सय ४३ जनाको श्रम स्वीकृति भएको छ। युरोपेली मुलुक साइप्रसका लागि म्यानपावरमार्फत ५ सय ४५ जना गएका छन्। रोमानियाका लागि म्यानपावरमार्फत २ सय ३८ जना, ओमानका लागि २ सय २४ जना, जापानका लागि म्यानपावरमार्फत ३ सय ३१ जनाका लागि श्रम स्वीकृति भएको छ।

## भदौमा...

लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- ४९०
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- ४२४
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ४२३
सान नेपाल प्रा.लि.- ४२१
जब शिकर म्यानपावर प्रा.लि.- ४१३
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ३७७
अल हायात म्यानेजमेन्ट सिष्टम प्रा.लि.- ३३०
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- २९२
मास ह्युमन रिसोर्स प्रा.लि.- २८६
मनास्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- २८२
एससीसी म्यानपावर कम्पनी प्रा.लि.- २८०
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- २६०
एशिया लिंक सर्भिस प्रा.लि.- २५६
जस्मिन इन्टरनेशनल प्रा.लि.- २५९
गल्फ म्यानपावर सर्भिस प्रा.लि.- २४२
अलसेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- २३९
दि रिभर ओभरसिज प्रा.लि.- २१७
ब्रोदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- २१७
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- २१३
बेबी एन्जन इन्टरनेशनल प्रा.लि.- २०४
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- २०३
अल एशिया ओभरसिज प्रा.लि.- १९८
इम्पावर हन्टर एचआर सोलुसन प्रा.लि.- १९४
अलआसमाक्स कम्पनी प्रा.लि.- १८६
एमबि ह्युमन रिसोर्स प्रा.लि.- १८५
इण्डो अरब म्यानपावर प्रा.लि.- १७८
सिजन ओभरसिज प्रा.लि.- १७५
आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १७१
भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- १६०
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- १५८
बेष्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १५५
सिडी ह्युमन रिसोर्स प्रा.लि.- १५५
युसो ग्लोबल प्रा.लि.- १५५
टेस्ला ओभरसिज प्रा.लि.- १५३
लिडिङ म्यानपावर सर्भिस प्रा.लि.- १५२
एसआरके ओभरसिज नेपाल प्रा.लि.- १४८
पर्फेक्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १४७
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- १४४
प्रोटेक्ट नेपाल इम्प्लोइमेन्ट प्रा.लि.- १४१
एचएमटी ओभरसिज प्रा.लि.- १३९
एएस इन्टरनेशनल ग्रुप कम्पनी प्रा.लि.- १३८
ब्राइट स्टार ह्युमन रिसोर्स प्रा.लि.- १३६
एन्जल म्यानपावर कन्सल्ट्यान्ट्स प्रा.लि.- १३५
सुफी इन्टरनेशनल सर्भिस प्रा.लि.- १३३
रोटरी ओभरसिज प्रा.लि.- १३०
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १२८
सिद्धार्थ गौतम ओभरसिज सर्भिस प्रा.लि.- १२८
होप इन्टरनेशनल प्रा.लि.- १२७
लगीन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- १२७
स्काइ ब्लु इन्टरनेशनल ओभरसिज प्रा.लि.- १२२
दीपज्योति म्यानपावर सर्भिस प्रा.लि.- ११९
शिखर इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.- ११९
मेमोरियल ओभरसिज सर्भिस प्रा.लि.- ११८
नुर अपर्चुनिटिज ओभरसिज प्रा.लि.- ११८
टार्गेट कन्सल्ट्यान्ट्स हयुमन रिसोर्स प्रा.लि.- ११५
अन्नपूर्ण इन्टरनेशनल सर्भिस प्रा.लि.- ११५
कान्तिपुर म्यानपावर सर्भिस प्रा.लि.- ११३
सल्मानी ओभरसिज प्रा.लि.- ११२
जब सेन्टर प्रा.लि.- १११
स्काइ ओभरसिज सर्भिस प्रा.लि.- १११
वर्ल्ड वाइड इम्प्लोइमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- ११०
प्रिन्स इन्टरनेशनल इम्प्लाइमेन्ट प्रा.लि.- १०५
आरबि ओभरसिज प्रा.लि.- १०५
युरो एशिया एचआर सोलुसन प्रा.लि.- १०४
वाहा म्यानपावर सप्लायर्स प्रा.लि.-१०४
हमदान ग्लोबल प्रा.लि.- १०४
सेगुल इन्टरनेशनल ग्लोबल एचआर कन्सल्ट्यान्ट्स प्रा.लि.- १०४
ओमेगा इन्टरनेशनल प्रा.लि.- १०२
स्टारिस एचआर सर्भिस प्रा.लि.- १०१
अर्थस्मार्ट ह्युमन रिसोर्स प्रा.लि.- १००
ग्रेस ओभरसिज प्रा.लि.- १००
एसपीएम ओभरसिज प्रा.लि.- १०० जना

## नेपाल...

निर्वाचित भएका हुन्। संघको वरिष्ठ उपाध्यक्षमा चन्द्रकला दाहाल, उपाध्यक्षमा दिवाकर गौतम, महासचिवमा कृष्ण प्रसाद बजगाईं, सचिवमा पंकज कुमर झा र कोषाध्यक्षमा रुनुका खड्का (सदिक्षा) निर्वाचित भएका छन्। कार्यसमितिको सदस्यहरूमा क्रमशः भरत सापकोटा, रमेश आचार्य, विष्णु माया श्रेष्ठ, बबिन्द्र घिमिरे, विश्वराम सपकोटा, निराजन कँडेल, निरज श्रेष्ठ, सुरेशकुमार राय र आनन्द यादव निर्वाचित भएका छन्।

संघको नवनिर्वाचित कार्यसमितिको मंगलबार नै पद तथा गोपनीयताको शपथ र पदबहाली भएको छ। पदबहाली कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अर्यालले सरकारी निकायहरूसँग समन्वय गरी नीतिगत समस्याको समाधान, स्वास्थ्य परीक्षणलाई पूर्णरूपमा प्रमाणित र त्रुटिरहित बनाउने आफू नेतृत्वको नवनिर्वाचित कार्यसमितिको प्राथमिकता रहेको भन्दै वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूलाई एउटै छातामुनि गोलबन्द गर्ने कामलाई अभियानको रूपमा अघि बढाउने बताएको महासचिव बजगाईंले जानकारी दिए।

त्यसैगरी मेडिकलका नाममा हुने सिण्डिकेटको अन्त्य गरी स्वास्थ्य परीक्षणलाई प्रविधिमैत्री र कामदारको हितमा केन्द्रित गर्ने भन्दै अध्यक्ष अर्यालले संघीय संरचनाअनुसार सबै प्रदेशका श्रमिकको पहुँचमा स्वास्थ्य परीक्षण सेवा पुर्‍याउने पनि बताए।

संघको यसअघि नै साधारण सभाको उद्घाटन सत्र सम्पन्न भएको भएपनि नेतृत्वका लागि आकांक्षीहरूको गुटबन्दी बढेका कारण निर्वाचन स्थगित भएको थियो।

**साउदीमा रोजगार**
कम्पनी: JAWA HUMAN RESOURCES COMPANY | शहर: Saudi Arabia
पुर्व स्वीकृत मिति: २०८१/०६/०८ | चलानी नं.: ६०२२५७८२ | L.T. No.: 310669

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1035/072/073
**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

**कुवेतमा रोजगारको अवसर**
कम्पनी: EDIFICE UMBRELLA FACTORY | शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०६/०८ | चलानी नं.: ६०२२५७७९ | LT. No.: 311223

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६५,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Electrician | 2 | 0 | | 160 | ६५,९५० | | | | | | | |
| 3. | General Light Driver | 2 | 0 | | 135 | ५५,०२१ | | | | | | | |
| 4. | Heavy Driver/driver | 2 | 0 | | 150 | ६५,५७९ | | | | | | | |
| 5. | Tailor General | 1 | 0 | | 140 | ६१,२०७ | | | | | | | |
| 6. | Welder/black Smith | 6 | 0 | | 180 | ७८,६९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
License No.: 1542/ 078/079
Basundhara-3, Kathmandu, Nepal, Tel: +977-1-5911074/75
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

**युएईमा रोजगार**
कम्पनी : EXEED PRECAST - SOLE PROPRIETORSHIP L.L.C. | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/०४ | चलानी नं.: ६०२२५७७७ | L.T. No.: 311165

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Basic Machine Operator | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Mason Assistant | 30 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 3. | Erector Helper | 30 | 0 | | 1000 | ३६,३२० | | | | | | | |
| 4. | Fabricators | 5 | 0 | | 1800 | ६५,३७६ | | | | | | | |
| 5. | Factory Foreman | 5 | 0 | | 2500 | ९०,८०० | | | | | | | |
| 6. | General Worker/Factory Worker | 50 | 0 | | 800 | २९,०५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १६ र १८ गते (2 & 4 October 2024) मा हुनेछ।
अन्तर्वार्ता गल्फ ट्रेनिङ सेन्टर, जनकपुरमा २०८१ असोज १६ र १७ गते (2 & 3 October 2024) मा हुनेछ।
अन्तर्वार्ता AITABARE CAFE, इटहरी, सुनसरीमा २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Mechi International Overseas Pvt. Ltd.**
Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Mob.: 9822600200, 9822600500, 9808119218
Itahari: 9810436524 | 9864154832, Janakpur: 9801607095 | 9804898340
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np

मध्यान्ह
www.madhyanhadaily.com



# पर्यटक कुर्दै ऐतिहासिक ‘बल्कोट पौवा’

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, ८ असोज

जंगबहादुर राणाको न्वारन भएको स्थान भनेर चिनिने अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा रहेको ‘बल्कोट पौवा’ प्रचार-प्रसारको अभावमा ओझेलमा परेको स्थानीयले गुनासो गरेका छन् ।

अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा पर्ने लामो इतिहास बोकेको ऐतिहासिक पौवाको अहिलेसम्म व्यापक रुपमा प्रचार-प्रसार हुन नसक्दा ओझेलमा परेको हो ।

राणा प्रधानमन्त्री जंगबहादुर राणाको पालामा तत्कालीन कर्णेल सनदसिंह टण्डनको नेतृत्वमा अत्यन्तै आकर्षक शैलीमा बनाइएको पौवाभित्र शिवालय मठ, तथा अन्य मन्दिरहरू समेत निर्माण गरिएका छन् । विक्रम संवत् १९०४ सालमा निर्माण गर्न शुरु गरी १० वर्ष लगाएर पौवा तथा मन्दिरहरू निर्माण गरिएको स्थानीय बुढापाकाहरु बताउँछन ।



जंगबहादुरको बुबा बालनरसिंह राणा आर्मी अफिसर थिए । उनले बारुदखान दल प्यूठानको प्रमुख थिए । १८६० को दशकमा जुम्लाको सिंजा प्रान्तमा गुठीको जग्गाले विवाद बढाएपछि गुठीको विवाद समाधान गर्न बालनर सिंहलाई १८६९ मा जुम्ला खटाइएको थियो । जुम्लामा उनी श्रीमतीलाई लिएर गएको बताइन्छ । जुम्लामै रहँदा उनको श्रीमती गर्भवती भएको र त्यो समयमा गर्भवती हुँदा माइती जाने प्रचलन रहेकाले नेपाली संस्कार अनुसार जुम्लाबाट माइती गोर्खा जाने क्रममा अर्घाखाँचीको वाङ्गलामा रहेको लामपाटी अर्थात् मथुरामा १८७४ सालमा जंगबहादुरको जन्म भएको थियो ।

त्यसबेला लामपाटीमा घनघोर जंगल रहेकोले नजिकैका पाण्डे थरका कृषकहरूले उनको स्याहार-सुसार गरेको र पछि बल्कोटको पौवा रहेको स्थानमा लगि सुत्केरी र बच्चालाई राखिएको थियो ।

त्यहाँ स्थानीय खनाल थरका ब्राह्मणहरूले न्वारन गराएर त्यो बालकको नाम वीरनरसिंह राखेको संस्कृतिमा रुचि राख्ने स्थानीय नारायण भट्टराइले बताए । सुत्केरी दरिली भएपछि जंगबहादुरकी आमा माइती गोर्खा गएकी थिइन । पछि वीरनर सिंह जंगे स्वभावको भएको हुनाले उनको नाम जंगबहादुर रहेको पाका पुस्ताको भनाइ छ ।

जंगबहादुरको जन्म कतिले गोर्खामा र कतिले काठमाडौंको थापाथलीमा भएको भन्ने गरेका छन् । उनी लाम्पाटीमा दरबार अर्घाखाँची जन्मिएका थिए । त्यसैले उनको जन्मको बारेमा एउटै ठाउँ कसैले भन्न नसकेको इतिहासकारहरूको भनाइ रहेको छ । इतिहासकार प्राध्यापक दिनेशराज पन्त र युवराज शमशेर जबराले जंगबहादुर लाम्पाटीमा जन्मिएको र वल्कोटको पौवामा आएर न्वारन भएको र पछि त्यसै स्थानमा कर्णेल सनदसिंह टण्डनको नेतृत्वमा विचित्रको पौवा निर्माण भएको उल्लेख गरेको गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले बताए ।

पौवाको विषयमा तत्कालीन राजा सुरेन्द्र शाहको पालामा चार वटा लाल मोहर लागेका थिए । ती लाल मोहर तथा इतिहासकारहरू प्रोफेसर पन्त र जबराको विश्लेषणलाई आधार बनाएर अर्घाखाँची सम्पर्क सदनको चिनारी २०७२ मा समावेश गरिएको उनले बताए ।

आफू जन्मिएको लाम्पाटीमा पौवा तथा बगैंचा र न्वारन भएको ठाउँ बल्कोटमा विचित्रको पौवा निर्माणका लागि जंगबहादुर आफैले कर्णेल सनदसिंहलाई निर्माण गर्न लगाएका थिए ।

पौवा तथा मन्दिर निर्माण गरिसकेपछि सञ्चालनको लागि सयौं बिगाहा जमिन गुठीमा समेत रहेको छ । केही समय अघिसम्म पौवामा रहेको मन्दिरको संरक्षण गर्ने, फूलपाती टिप्ने, कोइला लैजाने, लिपपोत गर्ने, दैनिक बिहान बेलुका बाजा बजाउनेको समेत व्यवस्था थियो । अहिले पूजाआजा भइरहे पनि दैनिक बाजा बजाउने कार्य भने हटेको जानकारी आफुले पाएको पौवाको अवलोकन गर्न पुगेका लुम्बिनी प्रदेश सरकारका जलश्रोत सिचाइँ मन्त्रालयका सचिव मिनराज ढकालले बताए ।

पौवामा काठका आकृतिमा यौन अंग र विभिन्न यौन आसन देखाइएको देख्दा निकै आकर्षक लागेको अवलोकनमा पुगेका सिँचाइ डिभिजन प्रमुख भेषराज भुसालले प्रतिक्रिया दिए । पौवा निर्माण गरेका कालीगढको हात राणाकै पालामा काटिएको पनि स्थानीय बताउँछन् । पौवा निकै आकर्षक भएकाले ती कालीगढले त्यस्तै कलात्मक पौवा अन्य स्थानमा बनाउन नसकुंन् भन्ने हेतुले कालीगढको हात काटिएको भनाइ रहेको भएतापनि कसले, कहिले, कसको हात काटेको भन्ने इतिहासकारले उल्लेख गरेका छैनन् ।

कर्णेल सनदसिंहको पालामा बल्कोटको पौवा, मथुराको पौवा, पाल्पा र गुल्मीको सिमानामा रहेको मनवाक पौवा, रिडीको बगैंचा, पाल्पा अर्गलीको बगैंचा, जोर्तेको पौवा र बाटोमा रहेका गौमुखी धाराहरू निर्माण भएको सामाजिक संस्कृतिको अध्ययन गरिरहेका नारायण भट्टराईले बताए ।

बल्कोटको पौवा, मन्दिर र गुठीलाई संरक्षण गरी प्रचारप्रसार गर्ने उद्देश्यले २०६६ सालमा डा.गोविन्द टण्डनको नेतृत्वमा पण्डित दिनबन्धु पोखरेलको प्रवचनमा महायज्ञ लगाइएको थियो । महायज्ञ लगाएपछि प्रचार-प्रसारमा अघि बढ्न खोजे पनि पर्याप्त हुन नसकेको स्थानीय पीताम्बर खनालले बताए । लामो इतिहास बोकेको क्षेत्र भएपनि प्रचार-प्रसारमा कसैले चासो नदिएको उनको भनाइ छ । जंगबहादुर जन्मिएको स्थानमा समेत आकर्षक पौवा निर्माण गरिएको छ,जसलाई लामपार्टी भनेर चिनिन्छ । यसको महत्व समेत ओझेलमा परेको छ । सन्धिखर्क-बल्कोट-तम्घास सडकको छेउमा पर्ने राणाकालीन इतिहास बोकेको पौवा सदरमुकाम सन्धिखर्कदेखि १८ किलोमिटरको दुरीमा पर्दछ । सदरमुकामदेखि पक्की सडकको पहुँचमा रहेको ऐतिहासिक पौवाको प्रचार-प्रसार गर्न सकेमा पर्यटनको प्रचुर सम्भावना रहेको छ ।

लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव महादेव पन्तले यसमा प्रदेश सरकारले पनि ध्यान दिने र बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए । अर्घाखाँचीका प्रयटकीय स्थलहरुको अवलोकन गर्न मुख्यमन्त्री कार्यालय लुम्बिनी प्रदेशका सचिवद्वय ईश्वरराज पौडेल र कृष्ण पौडेल तथा उर्जा,जलश्रोत तथा सिँचाइ मन्त्रालय लुम्बिनी प्रदेशका सचिव मिनराज ढकालसहित जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीका डिभिजन प्रमुख भेषराज भुसाल लगायतको टोलिले अर्घाखाँचीका विभिन्न योजना तथा पर्यटकीय स्थलको अवलोकन गरेको थियो ।

# साउदीमा एक नेपाली १९ लाख ठगीमा

**साउदी अरब/मस-** साउदी अरेबियाको रियादको एक निजी कम्पनीमा काम गर्ने सुमन नेपाली (परिवर्तित नाम) १९ लाख रुपैयाँ ठगीमा परेका छन् । उनलाई हिन्दी र अरबी भाषा बोल्ने एक पाकिस्तानी नागरिकले प्रलोभनमा पारी ठगेका हुन् ।

सुमनले साउदीबाट ८ लाख ५० हजार नेपाली रुपैयाँ पठाइसकेपछि पनि थप पैसा मागिएको थियो । रकम दिन नसकेपछि ठगी गर्ने समूहले उनलाई ज्यान मार्ने धम्की दिएको बताइएको छ । आफ्नो ज्यान जोखिममा परेको भन्दै सुमनले परिवारलाई जानकारी दिएका थिए । त्यसपछि परिवारले त्रासका कारण एक नेपालीको खातामा १० लाख ५० हजार रुपैयाँ ट्रान्सफर गरिदिएका थिए । तर, पैसा पठाएपछि पनि समस्या समाधान नभई थप ६ हजार साउदी रियाल मागिएपछि परिवारले साउदीस्थित नेपाली साझा मञ्चका अध्यक्ष अन्जान गुभाजुलाई सम्पर्क गरेका थिए ।

गुभाजुले यो घटनाबारे बुझेर नेपाली राजदूतावास, रियादलाई जानकारी गराएका थिए । दूतावासले नेपालमा रकम ट्रान्सफर भएको खातावालाबारे अनुसन्धान गर्न र साउदीमा पुलिस रिपोर्ट गर्न सुझाव दिएको थियो । तर, पीडितले सुरक्षा कारणले प्रहरीमा उजुरी गर्न सकेका छैनन् ।

सुमनले ह्वाट्सएपमार्फत ठगी गर्ने समूहसँग सम्पर्क गरेका थिए, जहाँ उनलाई लोभमा पारेर व्यक्तिगत जानकारी लिइ मानसिक दबाब दिइएको थियो ।

हालका दिनमा साउदीमा सस्तोमा आइफोन दिने, लोटरी परेको भन्दै, वा अन्य प्रलोभन देखाएर नेपाली नागरिकहरू ठगीमा पर्ने गरेका छन् । यस्ता घटनाहरूमा फोनमार्फत पैसा माग्ने व्यक्तिहरूसँग कुनै लेनदेन नगरी तुरुन्तै सम्बन्धित दूतावास, प्रहरी, वा संघसंस्थालाई जानकारी दिन आवश्यक हुने मन्चका अध्यक्ष गुभाजुले आग्रह गरे ।

नेपाल सरकार र सम्बन्धित निकायले यस्ता घटनाहरूलाई गम्भीरतापूर्वक लिएर तुरुन्त कारबाही गर्नुपर्ने माग उठिरहेको छ । विदेशमा कार्यरत नेपाली श्रमिकहरूले आफ्नो व्यक्तिगत जानकारी सुरक्षित राख्न र अपरिचित व्यक्तिहरूसँग सतर्क भएर व्यवहार गर्नुपर्ने आवश्यक देखिएको छ । यो घटनामा पीडितको व्यक्तिगत जानकारी गोप्य राख्दै अन्य नेपालीहरूलाई सचेत बनाउनका लागि यो समाचार प्रकाशित गरिएको हो ।

# फरहदवामा आधारभूत अस्पतालको उद्घाटन

महमद सदाब/मध्यान्ह
वीरगञ्ज, ८ असोज



पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ फरहदवामा नवनिर्मित आधारभूत अस्पतालको उद्घाटन गरिएको छ । प्रमुख अतिथि नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले रिबन काटेर अस्पतालको उद्घाटन गरेका हुन् । सो अवसरमा देउवाले स्वास्थ्य सेवा जनताको प्राथमिक आवश्यकतामा पर्ने बताउँदै सरकारले देशका विभिन्न दुर्गम ठाउँहरूमा स्वास्थ्य पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखेको जानकारी दिए ।

उनले भने, ‘यो आधारभूत अस्पतालले यहाँका जनताले समयमै उपचार पाउने आशा छ । यसले स्थानीयस्तरमा स्वास्थ्य सुविधाको पहुँचलाई बिस्तार गर्नेछ, जसले गर्दा जनताले स्वास्थ्य सेवाका लागि अन्य ठाउँमा जानु नपर्नेछ । स्वास्थ्यलाई जनताको मौलिक अधिकारको रूपमा सुनिश्चित गर्न सरकार प्रतिबद्ध छ ।’

८ करोड १० लाख रुपैयाँको लागतमा १० शय्याको आधार भूत अस्पताल निर्माण गरिएको हो । जसमा पालिकाले २ करोड रुपैयाँको विभिन्न उपकरणहरुको व्यवस्थापन गरेको पालिका उपाध्यक्ष ममता महतो थारुले जानकारी दिइन् । उनले मंगलबारदेखि सञ्चालनमा आएको आधारभूत अस्पतालमा डिजिटल एक्सरे, अत्याधुनिक प्रयोगशाला ९ ल्यब, इसिजी,अल्ट्रासाउन्ड (युसजी) र आफ्नै फार्मेसीको सेवा उपलब्ध रहेको जानकारी गराइन् ।

ओपीडी सेवा र प्रसुती सेवा पनि उपलब्ध रहेको उनको भनाइ छ । अस्पतालमा हप्ताको सातै दिन फिजिसियन चिकित्सक १ जना कार्यरत छन् भने हप्ताको एक दिन प्रसुती विशेषज्ञ चिकित्सकपनि खटिने उपाध्यक्ष थारुले बताइन् । यसका साथै स्टाफ नर्स ३ जना र हेल्थ असिस्टेन्ट ६ जना कार्यरत रहेको उनले बताइन् ।

प्रधानमन्त्री केपी शर्माले २०७७ मंसिर १५ गते पटेर्वासुगौलीसहित देशभर ३०९ वटा आधारभूत अस्पतालको शिलान्यास गरेका थिए । त्यसमध्ये पर्सा जिल्लामा ४ वटा आधारभूत अस्पतालको शिलान्यास गरिएकोमा पटेर्वा सुगौली गाउँपालिमा निर्मित आधारभूत अस्पताल सञ्चालनमा आएको हो ।

पर्सा जिल्लामा भने पटेर्वा सुगौली, धोबिनी, जिराभवानी र ठोरी गाँउपालिकामा गरी चार वटा आधारभूत अस्पतालको शिलान्यास गरिएकोमा जिल्लामा एक मात्र पटेर्वा सुगौलीको आधार भूत अस्पताल निर्माण सम्पन्न भइ सञ्चालनमा आएको गाउँपालिका अध्यक्ष दिनेश चौधरीले बताए ।

यो अस्पतालले पटेर्वा सुगौली र आसपासका क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको स्वास्थ्य सेवामा पहुँचलाई सहज बनाउने अपेक्षा गरिएको छ । यसले विशेष गरी बालबालिका, गर्भवती महिला, र जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण र उपचारमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

# जिल्ला प्रशासन कार्यालय रौतहटबाट पहिलो पटक गैरआवासीय नेपाली नागरिकता प्रदान

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, ८ असोज



जिल्ला प्रशासन कार्यालयल रौतहटले सोमबार पहिलो पटक एक जनालाई गैरआवासीय नेपाली नागरिकताको प्रमाण पत्र प्रदान गरको छ । प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जर्मन नागरिक फकरुदिन अलिअहमद शेखलाई प्रचलित कानूनबमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाण पत्र प्रदान गरिएको बताए ।

जर्मन नागरिक शेखले हालको गढिमाई नगरपालिका वडा नम्बर ३ साविक गम्हरिया पर्सा गाविस वडा नम्बर ५ को ठेगानामा जन्मस्थान उल्लेख गरी गैरआवासीय नागरिकता लिएका छन् । आवश्यक कागजात उपब्ध गराएको दिन नै आफूलाई नागरिकता प्रमाण पत्र प्रदान गरिएको भन्दै फकरुदिनले खुसी व्यक्त गरे ।

नागरिकतामा बुबाको नाम शेख नेक महमद र आमाको नाम शेहरा खातुन उल्लेख छ । उनले ईस्वी सम्वत् २०१८/०२/२३ मा जर्मनीको नागरिकता लिएका थिए ।

# प्रअ सरुवाको विषयलाई लिएर विद्यार्थीहरुद्वारा विरोध प्रदर्शन



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ८ असोज

असोज ८ रौटहट

प्रधानाध्यापकको सरूवाको विषयलाई लिएर रौतहटको देवाहीगोनाही नगरपालिकामा अवस्था तनावग्रस्त बनेको छ । करिब ३ घण्टासम्म नगरपालिका तनावपूर्ण बनेको हो । नगरप्रमुख प्रेमलाल साहकोविरूद्व विद्यार्थीहरू आक्रोशित बनेका थिए । देवाहीका मेयर साहले आफ्ना मनोमानी ढंगले एक विद्यालयको प्रधानाध्यापकको सरुवा गर्न लागेको भन्दै विद्यार्थीहरु आन्दोलनमा उत्रिएपछि सो नगरपालिकाको अवस्था तनावग्रस्त बन्न पुगेको हो ।

नगरपालिकाको वडा नम्बर ९ स्थित रहेको श्री जय किसान माध्यमिक विद्यालय धरहरिका प्रधानाध्यापक संजय प्रसाद गुप्तालाई अन्य विद्यालयमा सरूवा गरेपछि उनीहरू आक्रोशित बनेका हुन् ।

प्रअ प्रसादलाई श्री सरस्वती माध्यमिक विद्यालय देवाहीमा सरुवा गर्न लागेको भन्दै उक्त सरुवा रोक्नुपर्ने विद्यार्थीहरुको माग छ । विद्यार्थीहरूले देवाही गोनाही नगरपालिका कार्यालय अगाडि टाएर बालेर विरोध प्रदर्शन गरेका थिए । मेयर साहले आर्थिक चलखेलको आधारमा प्रधानाध्यापक गुप्तालाई अन्यत्र सरुवा गर्न लागेको भन्दै विद्यार्थीहरुले निकै आक्रोशित हुँदै नगरप्रमुखविरुद्ध चर्को नाराबाजी गरेका थिए ।

परिस्थितिलाई नियन्त्रणमा लिन ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो । नगरपालिका अगाडि ठूलो संख्यामा उपस्थित भएका नेपाल प्रहरी र सशस्त्र प्रहरीले भिडलाई नियन्त्रणमा लिने प्रयास गरेका थिए । विद्यार्थीहरू उग्र हुन थालेपछि देवाहीगोनाहीका नगर प्रमुख साह एक कदम पछाडि हटेका छन् । उनले नगर शिक्षा समितिको बैठक समेत स्थगित गराएका छन् ।

# म्याग्दीको विकट गाउँमा रहेको एक विद्यालयलाई मोना कतारद्वारा शैक्षिक सामग्री हस्तान्तरण



तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा कतार, ८ असोज

म्याग्दी जिल्लाको विकट मानिने चिमखोला पाल्तेखेतको एक विद्यालयका अतिविपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई म्याग्दी प्रवासी नेपाली संघ(मोना) कतारले विभिन्न सामग्री सहयोग गरेको छ ।

जिल्लाको रघुगंगा गाउँपालिका वडा नं. ७ चिमखोला पाल्तेखेतमा रहेको श्री सिद्ध प्राथमिक विद्यालयका अतिविपन्न तथा जेहेन्दार ८ जना विद्यार्थीहरुलाई १० हजार रुपैयाँ बराबरको झोला, कापी, कलम,पेन्सिल, इरेजर लगायतका सामग्री एक कार्यक्रमकाबीच सहयोग गरेको हो ।

मोना कतारका रघुगंगा गाउँपालिका संयोजक नरेन्द्र कुमार दर्जीले उक्त स्कुलको समस्याका बारेमा संस्थामा जानकारीसहित सहयोगका लागि अनुरोध गरेपछि कार्यसमितिको पूर्ण बैठकले निर्णय गरी सहयोग गरिएको मोना कतारका अध्यक्ष राजु पौडेलले बताए । उनले सदरमुकामबाट निकै टाढा रहेको उक्त स्थान संस्थागत रूपमा उपस्थित जनाइ सामग्री हस्तान्तरणमा सहयोग गर्नुभएको भन्दै दर्जीको श्रीमती फुलमाया दर्जीलाई समेत आभार व्यक्त गरे ।

मोना कतारले सामाजिक तथा मानवीय क्षेत्रमा प्रवासदेखि जिल्लासम्म सह्रानीय कार्य गरेको सामाजिक सञ्जालमा देखेपछि आफूले दर्जीमार्फत सहयोगको लागि पत्राचार गरेको विद्यालयका भर्खर मात्र निवर्तमान भएका का.वा. प्र.अ. कुमार पुर्जाले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

विद्यालयमा थप अन्य सहयोगको आवश्यकता रहेपनि एउटा कम्प्युटरको अतिआवश्यक परेको हुँदा सहयोगी महानुभावहरू समक्ष उनले सहयोगको याचना समेत गरे । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष सिता शर्माले मोना कतारलाई हार्दिक आभार व्यक्त गरिन् । उनले विदेशमा दुःख गरेर बचाएको रकमले जिल्लाको विकटमा रहेको विद्यालयलाई गरेको सहयोगले विद्यार्थी पठनपाठनमा सहयोग पुगेको बताइन् ।

# मिर्गौला पीडित पत्रकार दियालीलाई डेढ लाख बढी आर्थिक सहयोग



**काठमाडौं/मस-** मिर्गौला पीडित पत्रकार पिबी दियालीलाई डेढ लाख बढी आर्थिक सहयोग गरिएको छ । देवेन्द्र गौतम पत्रकारिता पुरस्कारबाट पुरस्कृत वरिष्ठ पत्रकार तथा दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठले पुरस्कारबाट प्राप्त रकम रोटरी क्लब अफ काठमाडौं बेष्टसँगको सहकार्यमा मिर्गौलापीडित पत्रकार दियालीलाई मंगलबार वीर अस्पतालमा हस्तान्तरण गरेका हुन् ।

सम्पादक श्रेष्ठ र रोटरी क्लब अफ काठमाडौं बेष्टका प्रिसिडेन्ट देशकुमार श्रेष्ठले १ लाख ८२ हजारको चेक एक समारोहबीच दियालीलाई संयुक्त हस्तान्तरण गरेका हुन् । जसमा श्रेष्ठले प्राप्त गरेको पुरस्कारस्वरुप एक लाख र रोटरी क्लब अफ काठमाडौं बेष्टको ८२ हजार सहयोग समावेश छ ।

उक्त समारोहमा करेन्ट मिडिया एण्ड रिसर्च सेन्टरका प्रबन्ध निर्देशक किरण गौतमले रु ५० हजार नगद हस्तान्तरण गरेका थिए । सो अवसरमा सम्पादक श्रेष्ठले जीवनभर देश, जनताका लागि इमान्दर पूर्वक पत्रकारिता गर्ने श्रमजीवी पत्रकारहरु बिरामी पर्दा राज्यबाट उपेक्षित हुनु राम्रो कुरा होइन, त्यसैले एकजना पत्रकारलाई दुःख कष्ट पर्दा अन्य पत्रकारहरुले साथ दिनुपर्छ भन्ने भावनासहित उक्त रकम मिर्गौलापीडित पत्रकारलाई प्रदान गरिएको बताए ।

त्यसैगरी प्रिसिडेन्ट श्रेष्ठले रोटरी भनेकै सेवा गर्न जन्मिएको संस्था भएकाले मिर्गौलापीडित पत्रकार दियालीलाई उपचारमा केही सहयोग होस् भन्ने भावनाले रोटरी क्लब अफ काठमाडौं बेष्ट पनि मंगलबारको कार्यक्रममा सहभागी भएको बताए । सो अवसरमा करेन्ट मिडियाका गौतमले लोकतन्त्रका लागि आजीवन पत्रकारिताको माध्यमबाट देश र समाजका लागि योगदान पुऱ्याउने पत्रकारहरु बिरामी पर्दा राज्यले हेर्नुपर्ने औंल्याए । त्यसबाहेक पत्रकारसँग सम्बन्धित संघसंस्थाहरुले उपचार कोषको व्यवस्था गर्नुपर्ने सुझाव दिए ।

मिर्गौलापीडित पत्रकार पिबी दियाली इटहरीबाट प्रकाशित गणराज्य साप्ताहिकका सम्पादक हुन् । दुवै मिर्गौलामा समस्या देखिएपछि केही महिना अगाडि वीर अस्पतालमा उनको मिर्गौला ट्रान्सप्लान्ट गरिएको थियो । उनको उपचारका लागि विभिन्न संघ संस्था र व्यक्तिहरुले सहयोग पुऱ्याउँदै आएका छन् । उनको उपचारमा संलग्न वीर अस्पतालका चिकित्सक, नर्सहरुप्रति पनि रोटरी क्लब अफ काठमाडौं बेष्टले आभार प्रकट गरेको छ ।

# उदयपुरमा मलामी बोकेको बस दुर्घटना

बिन्द्र राई/मध्यान्ह
उदयपुर, ८ असोज



उदयपुरको बेलका नगरपालिका वडा नं. ८ स्थित सेतीखोलामा मंगलबार मलामी बोकेको बस दुर्घटना हुँदा २९ जना घाइते भएका छन् ।

चतराबाट रामपुरतर्फ मलामी बोकेर फर्किंदै गरेको प्रदेश १ ९०२९००१ ‘ख’ ८२५३ नम्बरको बस मदन भण्डारी राजमार्गमा अनियन्त्रित भइ सडकबाट करिब २० मिटर तल खसेका थियो ।

घाइतेहरूमध्ये १७ जनाको बेलका नगर अस्पतालमा र १२ जनाको धरान घोपा अस्पतालमा उपचार भइरहेको प्रहरीको भनाइ छ । घाइतेहरूमध्ये ४ जनाको अवस्था गम्भीर रहेको छ, जसमा ३० वर्षीया मिरा पौडेल, ६२ वर्षीय कविराज खत्री, ५० वर्षीय रुद्र कार्की र ५६ वर्षीय जय कुमार वि.क रहेका छन् । बाँकी २५ जनाको अवस्था सामान्य रहेको छ, जसमा १५ पुरुष र १० महिला छन् ।

बसका चालक सुनसरी, बराहक्षोत्र नगरपालिका भण्डारीटार निवासी ३५ वर्षीय शम्भु शाहलाई ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाले नियन्त्रणमा लिएको छ । प्रारम्भिक अनुसन्धानबाट चालकले मदिरा सेवन नगरेको र दुर्घटनाको कारण यान्त्रिक समस्या हुन सक्ने प्रहरीको अनुमान छ । घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

सम्पादकीय

## प्रचण्डले लिनुपर्ने निर्णय

९ वर्षपछि प्रमुख प्रतिपक्षी दलको भूमिकामा पुगेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दुई महिना यता देश दौडाहामा छन् । प्रतिनिधि सभाको अल्पमतमा परेर प्रधानमन्त्रीबाट हटे यता प्रचण्ड मूलतः संगठनात्मक काममा व्यस्त देखिन्छन् । सरकारबाट बाहिरिए लगत्तै पदाधिकारी र स्थायी समिति बैठक राखेका प्रचण्ड केन्द्रीय समिति बैठकको संभावित कार्यसूची बदल्दै देश दौडाहामा निस्किएका हुन् । प्रचण्डले केन्द्रीय समिति सदस्य सहित जिल्ला तहका नेताहरू समेत रहेनगरी प्रदेश स्तरीय बैठकहरू राखिरहेका छन् । आफू प्रधानमन्त्री हुँदा भ्रष्टाचार विरोधी निर्णय गरेको, तर त्यही निर्णयका कारण पदमुक्त हुनुपरेको प्रष्टोक्ति दिइरहेका छन् । प्रधानमन्त्रीबाट हटेर प्रमुख प्रतिपक्षी दलका नेता बनेको व्यक्तिले यस्तो प्रष्टोक्ति दिनु अथवा संगठन निर्माणमा केन्द्रीत हुनु स्वभाविक हो । अझ आगामी चुनाव २०८४ मा जनमत पाएर सत्ताको नेतृत्वमा फर्कने उद्घोष गर्नु राजनीतिक निर्णय हो ।

तर अध्यक्ष प्रचण्डको दौडधुप संगठन निर्माणमा मात्र केन्द्रीत देखिन्न । बरू पार्टी सत्तामा रहिरहने अनि राज्य सत्ताको नेतृत्व लिनेगरी चलखेलमा सक्रिय हुने देखिन्छ । लगातार प्रचण्डले दिइरहेको अभिव्यक्तिबाट समेत उनी फेरि सरकार परिवर्तनको खेलमा रहेको प्रष्ट बुझ्न सकिन्छ । माओवादीले सरकारमा नजाने घोषणा गर्न नसक्ने बताउनु, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई फकाउने रणनीति लिनु, विपक्षीहरूको एकता अनि समाजवादी मोर्चालाई सक्रिय बनाउनुले प्रचण्डको ध्यान फेरि सत्तामा रहेको प्रष्ट हुन्छ । तर त्यसका निम्ति पार्टी संसदीय दलको नेता रहिरहनुपर्नेछ । जबकी उपमहासचिव जनार्दन शर्माले प्रचण्डलाई नेतृत्व छोड्न लिखित प्रस्ताव राखेका छन् । शर्माले चुनौती दिएपछि प्रचण्डले जिल्ला तहका नेताहरूसम्म आफै पुग्ने र पार्टीको अध्यक्ष रहिरहने नीति लिएका छन् । सँगै नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार परिवर्तनको प्रयासमा छन् । कांग्रेसका संस्थापन इतर नेता डा.शेखर काइरालासँग सम्वाद गरिनु पनि सरकार परिवर्तनको प्रचण्ड चाहनाकै रूपमा बुझ्न सकिन्छ । अर्थात् सरकार बनेको दुई महिना नबित्दै प्रचण्ड अर्को सरकार बनाउने खेलमा छन् ।

जबकी यतिबेला मुलुकका निम्ति राजनीतिक स्थिरता प्रमुख कार्यभार हो । किनकि आमचुनाव-२०७९ को दुई वर्ष नपुग्दै जति सरकार सत्ता समीकरण फेरिए, त्यसबाट नागरिकमा राजनीतिप्रति चरम बितृष्णा छ । संसद्को निकै तलको तेस्रो शक्ति प्रचण्डले कांग्रेस र एमालेलाई पालैपालो उपयोग गर्दै डेढ वर्षभित्रै तीन पटक सत्ता समीकरण फेरेका थिए भने १९ पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका थिए । संघको सत्ता फेरिए पिच्छे प्रदेशमा मुख्यमन्त्री फेरिने समस्या देखिएको थियो । त्यसैले अहिले राजनीतिक स्थिरता मुख्य दायित्व हो । कांग्रेस र एमालेले पनि स्थिरता नै एजेण्डा रहेको बताइरहेका छन् । यद्यपि उनीहरूको राजनीतिक प्रतिबद्धताप्रति विश्वास गर्ने आधार छैन । यस्तो बेला फेरि प्रचण्डको सत्ता फेर्ने संकेत वा गतिविधि मुलुक र स्वयं माओवादीका निम्ति पनि उचित छैन । प्रमुख प्रतिपक्षमा रहेर अर्को चुनावमार्फत् सत्ताको नेतृत्व लिनु राजनीतिको सहज प्रक्रिया समेत हो ।

# बढ्दो बाह्य प्रभाव र राष्ट्रियता

अग्रलेख



● कृष्ण बेलबासे

देश लोकतन्त्र, उदारवाद र प्रगतिवाद जस्ता प्रायोजित आदर्शको आडमा अराजकताको अवस्थामा पुगिसकेको छ । देशको अहिलेको अवस्था भनेको दासत्व हो भन्दा केही फरक पर्दैन । कारण, देश विदेशीहरूको पूर्ण प्रभावमा सत्ता छ । शासन सञ्चालनमा तिनै प्रभावितले नै स्थान पाउने गरेका छन् । त्यसैले जतिसुकै लोकतन्त्रको कुरा गरे तापनि ती पात्रहरूलाई सञ्चालन गर्ने भनेका जनताहरू होइनन्, बाह्य शक्ति नै हुन् । यस कुरोको प्रमाण खोज्न धेरै परिश्रम गर्नुपर्दैन, तिनको व्यवहार, आचरण र अभिव्यक्तिलाई सूक्ष्म रूपमा नियाल्दा प्रस्ट हुन जान्छ । न पत्याए सोचौँ न, सरकारको गठनमा कसले भूमिका निर्वाह गर्दछ ? यो कुरा सरकारको नेतृत्व गरेका पात्रहरूले नै आफैद्वारा व्यक्त गर्ने गरेको अभिव्यक्ति र कार्यशैलीलाई हेर्दा प्रमाणित हुन जान्छ । सरकारले अपनाउने नीति र कार्यक्रममा कसको स्वार्थलाई प्राथमिकता दिने गरिन्छ ? सरकारले सामान्य नागरिक एवम् राष्ट्रको हितलाई कहिल्यै पनि प्राथमिकता दिने गरेको छ त ? शासकहरूले जतिसुकै प्रजातन्त्र/लोकतन्त्र र समाजवादको राग अलाप्ने गरे तापनि जनमत र जनभावनाप्रति कत्ति पनि सरोकार राख्ने गरेको पाइँदैन । यसको लागि सरकारका क्रियाकलापहरूलाई सूक्ष्म रूपमा नियाल्नु आवश्यक हुन्छ। विगत (पञ्चायतकाल)मा 'गास, बास, कपास दे, नत्र सत्ता छाडि दे' भन्ने नारा दिनेहरूलाई यतिखेर जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कुरासँग कुनै चासो छैन । सरकारद्वारा सञ्चालन गर्ने विकास योजनाहरू जनताको जीवन शैलीलाई सहज तुल्याउने प्रयोजनका लागि भएको पाइन्न । यति बेला शासन-प्रशासन चलाउने निकायहरू भ्रष्टाचार र दुराचारका माध्यमहरू बन्ने गरेका छन् । देशको अर्थतन्त्र विदेशी पूर्ण प्रभावमा चलेको छ भन्दा अतियुक्ति हुँदैन । शासक प्रशासकहरू तिनकै प्रभावमा चल्ने गरेकोमा पनि दुबिधा छैन । देशमा आर्थिक कारोबार चलाउनेहरूले शिक्षा, स्वास्थ्य, सञ्चार जस्ता क्षेत्रहरूलाई समेत प्रभावित बनाएका छन् । त्यत्ति मात्र नभएर सुरक्षा, न्याय जस्ता संवेदनशील क्षेत्रहरूमा समेत उनीहरूको हालीमुहाली चल्ने गरेको छ । यसरी देश अस्तित्वविहीन अवस्थामा पुगिसकेको छ । यसबारे चासो राख्ने व्यक्तिहरू बिरलै मात्र देखा पर्ने गर्दछन् । देशमा यो सबै काम परिवर्तनका लागि गरिने क्रान्ति र आन्दोलनको नाममा हुँदै आएको छ । यस कुरामा आफूलाई राजनीतिक नेता वा अगुवा बताउने कुपात्रहरूसँगै तिनका कार्यकर्ता, समर्थक र मतदाताहरू समेत जिम्मेवार रहेका छन् ।

देशको दुरावस्था निम्त्याउने कार्य मूलरूपमा विदेशीहरूको योजनामा भइरहेको भएतापनि त्यसलाई गति दिने कार्य राजनीति, समाज सुधार र अधिकारवादी अभियानको रूपमा हुने गरेको छ । न पत्याए हेरौँ न, राजनीति सत्ता स्वार्थ सिद्धिको माध्यम नभएर जनसेवासँग सम्बन्धित अभियान हो । तर, हामीकहाँ राजनीति निहित स्वार्थ सिद्धिको माध्यम बन्न पुगेको छ । देशमा २००७ सालमा राणा शासन विरोधी, २०१८, २०२८, २०३६ र २०४७ सालमा पञ्चायत विरोधी, २०५२ मा राजतन्त्रात्मक संसदीय व्यवस्था विरोधी र २०६३ सालमा राजतन्त्र विरोधी आन्दोलनका रूपमा निकै विध्वंसक र विनाशक घटनाहरू घटे । तीमध्ये कतिपय आन्दोलनहरू खास गरी २००७, २०४७ र २०६३ उपलब्धिमूलक जस्ता देखिए तापनि यथार्थमा भने विपत्तिजनक साबित हुन पुगे । कारण, ती प्रत्येक आन्दोलनहरू पश्चात् सरकारहरू मात्र परिवर्तित भए, व्यवस्था परिवर्तन हुन सकेन ।

व्यवस्था परिवर्तन गर्नु भनेको स्वीकार्य व्यवस्थाका आदर्श एवम् मूल्य मान्यताहरूलाई स्थापित गर्नु हो । तर, हेरौँ न, २००७ सालको राजनीतिक परिवर्तनको अगुवा मानिएको काँग्रेसले परिवर्तनपश्चात् आफूलाई राणा शासकहरू भन्दा फरक देखाएन । परिणाम, संसदीय शासन व्यवस्था कायम रहन सकेन । सोही रूपमा २९ बर्षे पञ्चायती शासन व्यवस्थालाई विफल तुल्याएर २०४६ सालमा पुनः सत्तामा पुगेको काँग्रेस र प्रथम पटक सत्तामा पुगेको माले/एमालेले आफूहरूलाई पञ्चायती शासकहरू भन्दा भिन्न रूपमा प्रस्तुत गरेनन् । उनीहरू पञ्चायती शासकहरू भन्दा पनि बढी जनविरोधी, सत्ता स्वार्थ प्रेरित, भ्रष्टाचारी एवम् राष्ट्रघाती साबित हुन पुगे । त्यसै विषयलाई मूल मुद्दा बनाएर १० बर्षे सशस्त्र युद्धमा होमिएको माओवादी पार्टीले यति बेला आफूलाई राणा, राजा, काँग्रेस, एमाले र अन्य सत्ता स्वार्थ केन्द्रित दलहरू भन्दा बढी भ्रष्ट र सत्तास्वार्थमुखी भएको प्रमाणित गरेर देखाएको छ । यहाँनेर 'सत्ता स्वार्थ' भन्नाले सत्तामा पुगेर शासन चलाउने मात्र नभएर जनहित प्रति बेसरोकार, आफ्नो निजी एवम् पारिवारिक स्वार्थ केन्द्रित, सत्ता स्वार्थ पूर्तिका निम्ति राष्ट्रघातसम्म गर्न पछि नपर्ने कुरोलाई समेत बुझ्नु आवश्यक छ । यो कुरा तिनीहरूको




*नेपाली जनताले पहिले वास्तविकतालाई बुझ्नु र त्यसबाट पर्न सक्ने असरलाई समेत अनुमान/महसुस गर्नुपर्‍यो । बाह्य भ्रमहरूबाट मुक्त हुनुपर्‍यो । तत्पश्चात् मात्रै राष्ट्र एवम् जनहितलाई नकार्ने बहिष्कार/कारबाही गर्ने सोचसहित अघि बढ्नु पर्‍यो । अन्यथा, आफै विदेशीको दास बन्नुपर्ने कुरा निश्चित प्रायः छ ।*

आचरण र कार्यशैलीले प्रमाणित गरेको पाइन्छ । यसलाई बुझ्न पहिले आफू नैतिक वान, स्वार्थविहीन, विवेक सम्मत, राष्ट्रवादी, जनउत्तरदायी र देशी विदेशी दलालहरूबाट निष्प्रभावी हुनु आवश्यक छ । यसरी यति बेला देशमा जङ्गली शासन रहेको र मत्स्य न्यायले गति पाएको कुरालाई देख्ने र भोग्ने गरिएको छ ।

परिणाम, बेरोजगार र समुन्नत भविष्यको चाहना राख्ने युवा एवम् नेपाली जनहरू बिदेसिन बाध्य भएका छन् । अब यहीँनेर प्रश्न उठ्न सक्दछ, देशलाई यो अवस्थामा पुर्‍याउन मूल रूपमा कसको भूमिका रह्यो ? र यस किसिमको अवस्थाबाट उन्मुक्तिको उपाय के हुन सक्छ ? निश्चय पनि देशलाई यो अवस्थामा ल्याई पुर्‍याउन गलत नियतबाट परिचालित नेता र कार्यकर्ताहरूको मूल जिम्मेवारी रहेको छ । तापनि दलका नेता एवम् कार्यकर्ताहरूलाई हिजो सघाउने र आज तिनैलाई मतदान गरेर सत्तामा पुर्‍याउने जनताहरू पनि केही हदसम्म जिम्मेवार रहेका छन् । त्यससँगै अझ विचारणीय कुरा के छ भने बाह्य शक्तिले देशका राजनीतिक नेता कार्यकर्ता सँगै यहाँका स्वघोषित बुद्धिजीवी/विज्ञ र अधिकारवादी भनाउँदाहरूलाई उक्साएर तिनलाई अधिकार र स्वतन्त्रता प्राप्तिको नाममा राष्ट्रिय स्वार्थविरुद्ध परिचालन गरेर मुलुकलाई आफ्नो नियन्त्रणमा राख्ने योजना चलाएका छन् । यो कुरा ती क्षेत्रका पात्रहरूको व्यवहारबाट प्रमाणित हुन आउँछ । न पत्याए हेरौँ न, उल्लेखित क्षेत्रमा संलग्न व्यक्तिहरूलाई निजी स्वार्थपूर्तिका लागि राष्ट्रिय हित र सुरक्षाको विषयसँग कत्ति पनि सरोकार रहेको पाइँदैन । यसकै परिणाम, यति बेला मुलुकको मात्र न भएर नेपालीको अस्तित्व नै संकटमा पुग्न लागिसकेको पाइन्छ ।

यतिखेर पहिचानवादको नाममा मुलुकको मौलिकतालाई समाप्त पारेर भिन्न पहिचान दिन एउटा समूह लागेको छ । तिनीहरूलाई नेपाल र नेपाली संस्कृतिको अस्तित्व न रहे आफ्नो अस्तित्व रहँदैन भन्ने कुराको ज्ञान र सरोकार दुवै छैन । तिनीहरूले जनता माझ भ्रम छर्नुलाई आफ्नो विज्ञता र सक्षमता ठान्ने गरेका छन् । जहाँसम्म जनताबिच भ्रम छर्ने कुरा छ, यो कार्य देशका शासक एवम् राजनीतिक नेता/कार्यकर्ताहरूले बढी गर्ने गरेका छन् । तिनीहरूले आफूले सत्तामा रहेर गर्ने लुट एवं राष्ट्रघाती कुकर्म प्रति जनताको ध्यान नजाओस् भन्ने हेतुले जनतालाई नियम-कानुन, संस्कृति, नैतिकता-मर्यादा र इमान्दारीताको पालना नगर्नु उनीहरूको अधिकार र स्वतन्त्रता हो भन्ने पाठ सिकाउने र त्यसो गर्ने छुट दिने गरेका छन् । यस कुराको प्रमाण खोज्न पनि जनताको व्यवहारलाई निष्पक्ष रूपमा मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

जहाँसम्म जनताको संस्कारको कुरा छ, त्यसलाई बुझ्न उनीहरूका दैनिक व्यवहारसँगै तिनले अपनाएका पेसा र व्यवसाय सञ्चालनका क्रममा प्रस्तुत आचरण र कार्यशैलीलाई हेर्नु पर्दछ । उदाहरणको लागि हेरौँ न, यति बेला देशमा नेपाली मात्र न भएर ठुलो संख्याका विदेशीहरूको व्यापारमा संलग्नता रहेको छ । यद्यपि एक अर्थमा यो व्यवसायमा संलग्न हुनु उनीहरूको अधिकारसँगै क्षमता पनि हो । तर बजारमा कुनै बस्तुको मूल्य र गुणस्तर बारे कुनै निश्चित मापदण्ड र सीमा रहेको पाइँदैन । जसले, जे-जस्तो बस्तु पनि, जुनसुकै मूल्यमा बिक्री गर्ने गर्दछ/गर्न सक्दछ । यसले उपभोक्ताहरूलाई पीडित तुल्याउने गरेको छ । यसबारे (मूल्य निर्धारण/नियन्त्रण) सरकार एवं सम्बन्धित निकायको कुनै सरोकार रहेको पाइँदैन । दोस्रो कुरा, यातायात र भ्रमणसँग सम्बन्धित छ । सडकमा विभिन्न खाले यातायातका साधनहरू परिचालन गर्नेहरूले सडक छेउ पैदल यात्रा गर्नेहरूको सुरक्षा र हितसँग कुनै ख्याल राख्दैनन् । एक त, पैदल यात्रीलाई फुटपाथमा (फुटपाथ विहीन सडक छेउ पनि) हिँड्दा होस् वा कतै जेब्रा क्रस भएको ठाउँबाट सडक पार गर्दा होस् वाहन सञ्चालकहरू बाट खतरा र ज्यादती बेहोर्नु/सहनु पर्ने हुन्छ । थप कुरा, सार्वजनिक यातायातका साधनहरूमा यात्रा गर्ने यात्रुहरूले समेत अमर्यादित व्यवहार र ठगीको सामना गर्नुपर्ने हुन्छ । यद्यपि कतिपय अवस्थामा अमर्यादित व्यवहार मा यात्रुहरू आफै पनि जिम्मेवार रहेको देख्न पाइन्छ । मनपरी भाडा लिने गरेको देख्न/भोग्न पर्दछ । यस क्रममा अर्को विचारणीय कुरा, यातायातका साधनहरूमा महिला, वृद्ध/ज्येष्ठ नागरिक र असक्तहरूका लागि बेग्लै बस्ने ठाउँको व्यवस्था रहेको उल्लेख गरेको देखिन्छ । तर, त्यसको पालना बारे यात्रु, वाहन परिचालक र ट्राफिक प्रहरी कसैलाई चासो रहने गरेको देखिँदैन । यस्तै किसिमका कमजोरी र लापरबाहीहरू अन्य कतिपय क्षेत्रको जिम्मेवारी लिएका सामान्य नागरिकहरूबाट समेत हुने गरेको पाइन्छ । यसरी देशको हरेक क्षेत्रलाई अनैतिक, अमर्यादित र कुसंस्कारयुक्त बनाउने कार्य भइरहेको पाइन्छ । यसले समाजलाई समेत अव्यवस्थित तुल्याउन खोजेको देखिन्छ ।

रह्यो कुरा, के यस किसिमका समस्याहरूको समाधान सम्भव छ त ? छ भने कसरी त ? निश्चय पनि, समस्या समाधान असम्भव मात्र हुँदैन । तर, समस्या सिर्जना गर्न जति सहज हुन्छ, समाधान गर्न त्यति सहज हुँदैन । यसको राम्रो उदाहरण क्रान्ति र आन्दोलनका नाममा सिर्जित समस्याहरूको निरन्तरतालाई मान्न सकिन्छ । त्यसैले समस्या समाधानका निम्ति पहिले समस्याको कारण, स्वरूप र समाधानका उपायहरूको खोजी हुनुपर्ने हुन्छ । यहाँका समस्याहरू मूलतः नेपाली संस्कृति र देशको अस्तित्वमाथिको संकटसँग सम्बन्धित रहेका छन् । नेपाली जनहरूलाई स्वार्थी/भ्रष्ट एवम् संस्कृतिविहीन तुल्याएर देश र जनताको अस्तित्व समाप्त पार्ने विदेशीहरूको योजनालाई यहाँका राजनीतिक नेता/कार्यकर्ता, कथित विज्ञ एवम् अधिकारवादीहरूले कार्य रूप दिइरहेका छन् । नेपाली जनताले पहिले वास्तविकतालाई बुझ्नु र त्यसबाट पर्न सक्ने असरलाई समेत अनुमान/महसुस गर्नुपर्‍यो । बाह्य भ्रमहरूबाट मुक्त हुनुपर्‍यो । तत्पश्चात् मात्रै राष्ट्र एवम् जनहितलाई नकार्ने बहिष्कार/कारबाही गर्ने सोचसहित अघि बढ्नु पर्‍यो । अन्यथा, आफै विदेशीको दास बन्नुपर्ने कुरा निश्चित प्रायः छ ।

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

नेपाली काँग्रेस र एमालेजस्ता ठुला पार्टीलाई 'थ्रेसहोल्ड' कट्न नदिनेजस्ता धेरै ठुला कुरा गर्नै हुँदैनथ्यो । अनिवार्य गर्नुपर्ने पार्टीको निर्णय भएको भए पनि कमसेकम समानुपातिक सांसदबाट होइन, प्रत्यक्ष निर्वाचित सांसदबाट आउनुपर्थ्यो । एमाले नेतृत्वको भन्दा पनि धेरै सस्तो अहंकार पोखियो ।



**- राधाकृष्ण कटवाल**

छविलाल जोशी र रविमध्ये बढी दोषी को होला ? पक्कै पनि सहकारी संसदीय छानबिन समितिको प्रतिवेदनअनुरूप भन्नु पर्दा रवि नै बढी दोषी देखिन्छन् तर, छवि पक्राउ पर्दा रवि भने राजनीतिक आडमा उन्मुक्ति खोजिरहेका मात्र छैनन्, पक्राउ गरे हातमा दही जमाएर नबस्ने उनका कार्यकर्ताले धम्की दिएका छन् ।



**- प्रेमकान्त अधिकारी**

अबुझ हुन् कि सबुझ हुन्, धेरै जान्ने भएर व्याख्या विश्लेषण गरेका हुन् कि कुरो नबुझेरै हो बुझ्न गाह्रो छ । संविधानबमोजिम बहुल जातजाति भाषा भेष पहिचानको कुरा आ-आफ्नो पहिचान गर्न गराउन देखाउन नपाएको नदिएको जस्तो । पहिचानको पर्व मनाउन को रोकिएको छ र ? अनावश्यक ईस्यु मात्रै ।



**- वसन्त घिमिरे**

निलो क्रान्ति कहाँ पुग्यो ? हाम्रा नेतामाथि अनुसन्धान हुनु हुँदैन भन्ने यो कस्तो क्रान्ति हो ? हिजो कैलाश सोरिहिया पक्राउ पर्दा प्रहरीले आफ्नो काम गरेको हो मलाई यसबारे थाहा छैन भन्ने निलो क्रान्तिका लिडर 'श्री नीलकण्ठ'ले आज प्रहरीले उहाँमाथि अनुसन्धान गर्ने हल्ला चल्दा किन अत्तालिएका छन् ?

# विश्व राजनीतिमा बदलिँदो भारत

विचार



● लोकनारायण सुबेदी

दक्षिण अफ्रिकाले आधिकारिकरूपमा माग गरेको छ कि अन्तर्राष्ट्रिय न्यायालयबाट इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूलाई अपराधी घोषित गरियोस् र इजरायलले आफ्नो कब्जामा लिएको प्यालेस्टाइन जमिन फिर्ता गरोस्, त्यहाँबाट निस्कियोस् । अनि यो दक्षिण अफ्रिकी प्रस्तावलाई ब्राजिलका राष्ट्रपतिले पूरा समर्थन दिएका छन् । अनि अन्त्यमा अन्तर्राष्ट्रिय न्यायिक अदालत (आईसीजे)ले इजरायललाई उसका अत्याचारहरू समाप्त गर्नका लागि आफ्नो आदेश जारी गर्‍यो । यस्तोमा हाम्रा छिमेकी ठुला शक्तिशाली देशको धारणा के हो ? विशेष गरी भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जो, तेस्रो कार्यकालको क्रममा भारतीय विदेश नीतिमा के गर्न लागेका हुन् भन्ने प्रश्न भारतवासीहरूले नै उठाउन थालेका छन् ।

यस्ता धेरै अन्य ज्वलन्त प्रश्नहरू १८ सेप्टेम्बरका दिन प्रकाशमा आए जति बेला भारतीय प्रधानमन्त्री आफ्नो ७४औं जन्म दिन र तेस्रो कार्यकालको १०० दिन पूरा भएपछि भारतले संयुक्त राष्ट्र संघ महासभाको एउटा प्रस्तावको मतदानमा भाग लिएन, जुन प्रस्तावमा माग गरिएको थियो कि इजरायलले १२ महिनाभित्र कुनै आलेटाले र विलम्ब नगरी आफूले कब्जामा लिएको प्यालेस्टाइन क्षेत्रमा आफ्नो अवैध उपस्थिति समाप्त गरोस् ।

१९३ सदस्यीय संयुक्त राष्ट्र महासभाले त्यो प्रस्ताव स्वीकार गरिसकेको छ, जसमा भारत बाहेक सबैजसो विकासशील देशहरू र ब्रिक्स सदस्य राष्ट्रहरूसमेत १२४ सदस्य राष्ट्रहरूले यो प्रस्तावलाई समर्थन गरिसकेका छन् भने अमेरिका र इजरायल समेत १४ देशहरूले यसका विरुद्ध मतदान गरेका छन् अनि भारत र नेपाल समेत ४३ सदस्य देशहरूले मतदानमा भाग लिएका छैनन् । यसमा खास कुरा के रहेको छ भने भारत जस्तै नै क्वाडको एक सदस्य जापानले भने प्रस्तावको पक्षमा मतदान गरेको छ र प्रस्ट भनेको छ कि इजरायलले कब्जा गरेको प्यालेस्टाइन जमिनमा बसेका बस्तीहरूका गतिविधिले दुई राष्ट्र समाधानको प्रस्तावको प्रगतिलाई कमजोर तुल्याउँदछ ।

मोदीले अमेरिकामा भएको क्वाड शिखर सम्मेलनमा भाग लिए । क्वाडका चार सहभागीहरूमध्ये अमेरिका (जो इजरायलको दृढ संरक्षक छ)ले प्रस्तावका विरुद्ध मतदान गरेको छ तर, जापानले त्यो प्रस्तावको समर्थन गरेको छ । अनि दुइटा सदस्यहरू भारत र अस्ट्रेलियाले भने मतदानमा अनुपस्थिति जनाएका छन् । यद्यपि, भारत र अस्ट्रेलिया एउटै समूहमा छन् तर, अस्ट्रेलिया पश्चिमा हितहरूसँग लामो समयदेखि जोडिँदै आएको समृद्ध राष्ट्र हो भने भारत जसलाई कयौँ वर्षदेखि विश्वको दक्षिणको च्याम्पियनका रूपमा मानिन्थ्यो । अन्तर्राष्ट्रिय मञ्चहरूमा स्वयंलाई यस्तो स्थितिमा पुर्‍याएको मानिँदै छ कि विश्वको सबैभन्दा सक्रिय लोकतन्त्र भारत ब्रिक्स र संघाई सहयोग (एससीओ)संगठनबाट पनि यति बेला अलग्गिएको स्थितिमा पुगेको देखिँदै छ ।

इजरायल-प्यालेस्टाइन युद्ध सुरु भएताका ११ महिनाभन्दा बढी समयमा गाजा क्षेत्रलाई विनाशतर्फ लैजाने शत्रुतालाई रोक्नका लागि संयुक्त राष्ट्रको स्तरमा कयौँ प्रयासहरू गरिएका छन् । गाजा क्षेत्रमा मर्ने निर्दोष मानिसहरूको संख्या ४० हजारभन्दा बढी पुगिसकेको छ । भारतलाई छोडेर ब्रिक्सका सबै सदस्य राष्ट्रहरूले इजरायलद्वारा थोपरिएको अत्याचारका तुरुन्त समाप्त गरिनुपर्ने र पेलेस्टिनी क्षेत्रमाथि इजरायली कब्जा समाप्त गरिनु पर्ने मागमा अग्रणी भूमिका निभाएका छन् । दक्षिण अफ्रिकाले आधिकारिकरूपमा माग गरेको छ कि अन्तर्राष्ट्रिय न्यायालयले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूलाई अपराधी घोषित गरोस् र इजरायलबाट कब्जा गरिएको पेलिसिटनी जमिनमाथिको कब्जा समाप्त गर्न आदेश देओस् । अन्तर्राष्ट्रिय न्यायिक अदालतले पनि इजरायललाई उसका अत्याचार समाप्त पार्नका लागि आफ्नो आदेश जारी गरेको छ । तर, इजरायली सरकारले त्यो आदेश पालना गरिहरेको छैन ।

यता एससी (शांघाई सहयोग सङ्गठन)को बैठक आउँदो १५ र १६ अक्टोबरमा पाकिस्तानको इस्लामावादमा हुँदैछ भने ब्रिक्सको बैठक रुसमा राष्ट्रपति पुटिनको आथित्यतामा २२ देखि २४ अक्टोबरमा हुन गइरहेको छ । त्यसमा चीनका राष्ट्रपति शी जिनपिङ्ग पनि सहभागी हुनेछन् । यो बैठक पनि आजको विश्वका ज्वलन्त र गम्भीर परिस्थितिका बिच निकै चाखलाग्दो र सबैले एक टक हेरिरहेको बैठक हुनेछ । अहिलेसम्मका सङ्केतहरूलाई हेर्दा त्यसअनुसार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी एससीओ बैठकमा सामेल नहोलान् जस्तो देखिँदैछ । के मात्रै अड्कल गरिँदै सम्भव ठहराइँदै छ भने मोदी ब्रिक्सको आगामी सम्मेलनमा सहभागी त होलान् तर त्यसमा पनि उनी कम महत्वको भूमिकाको स्तरमा सामेल हुने छन् भनिँदै छ । किनभने उनी वास्तवमा इण्डो-प्यासिफिक रणनीतिमा अमेरिकाको नजिक जान उत्सुकताका कारण स्वंयलाई विश्व राजनीति कमजोर तुल्याउँदै छन्

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | यात्रा सफल हुनेछ। सभा समारोहमा सहभागी हुनुपर्ने छ । |
| वृष | : | पारिवारिक सहयोग राम्रो रहनेछ । जोखिम भएको काम गर्नु हुँदैन । |
| मिथुन | : | अनावश्यक कार्यमा समय नष्ट हुनेछ । स्वास्थ्य राम्रो हुनेछ । |
| कर्कट | : | यात्रा सफल र सुखद रहनेछ। नाता-गोतासित भेटघाट हुनेछ । |
| सिंह | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन। व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । |
| कन्या | : | सम्बन्धहरूमा विवाद हुने योग छ। स्वास्थ्य राम्रो रहनेछ । |
| तुला | : | प्रशस्त मात्रामा धन कमाइ हुनेछ। खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| वृश्चिक | : | नयाँ साथी बन्ने योग छ। नयाँ काम मिल्ने सम्भावना छ । |
| धनु | : | प्रसिद्धिमा वृद्धि हुनेछ । शैक्षिक प्रगति हुने योग छ । |
| मकर | : | व्यापारिक कार्यमा प्रगति हुनेछ। प्रभाव बढ्ने योग छ । |
| कुम्भ | : | स्थान परिवर्तन हुने योग छ । शत्रु परास्त हुनेछन् । |
| मीन | : | शैक्षिक कार्यमा सफलता मिल्नेछ। लेनदेनमा सावधानी राख्नुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लेबनानको हिजबुल्लाह गढमा भएको इजरायली आक्रमणमा ४९२ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार सोमबार भएको इजरायली आक्रमणमा लेबनानमा ३५ बालबालिकासहित कम्तीमा चार सय ९२ जनाको मृत्यु भएको छ।। यो अक्टोबर ७ मा गाजामा युद्ध शुरु भएयता सीमापार हिंसाको सबैभन्दा घातक दिन थियो।

अरब मुलुकहरूले करिब एक वर्षयता नदेखिएको स्तरमा तीव्र भएको हिजबुल्लाहसँगको बढ्दो शत्रुताका लागि इजरायलको कडा निन्दा गरेका छन्। हमास र अन्य प्यालेस्टिनी लडाकूहरूले हिजबुल्लाह र इरान समर्थित अन्य समूहलाई समावेश गर्दै इजरायलमाथि अक्टोबर ७ मा आक्रमण गरेपछि युद्ध शुरु भएको हो।

इजरायलले दक्षिणी पूर्वी लेबनानका करिब एक हजार छ सय स्थानमा आक्रमण गर्दा 'ठूलो संख्यामा' हिजबुल्लाहका लडाकूहरू मारिएको बताएको छ। यसमा बेरुतमा 'लक्षित आक्रमण' पनि समावेश थियो। इजरायली सेनाले यसलाई 'अपरेसन नर्दन एरो' भनेको थियो।

हिजबुल्लाहले उसको तेस्रो वरियताको कमान्डर अली कराके जीवित रहेको बताएको छ। स्रोतका अनुसार राजधानीमा भएको आक्रमणले उनलाई लक्षित गरेको बताएपछि सुरक्षित स्थानमा गएका छन्।

सरकारी सञ्चारमाध्यमले पूर्वी लेबनानामा नयाँ आक्रमणहरूको खबर दिएपछि हिजबुल्लाहले मंगलबार बिहान इजरायली सैन्य ठेगानाहरूमा 'मिसाइलहरूको वर्षा' गरेको बतायो। इजरायलको तटीय सहर हाइफामा सोमबार हवाई आक्रमणको साइरन बज्दा मानिसहरूलाई आश्रयस्थलतर्फ दौडिरहेको देखिएको थियो।

लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ३५ बालबालिका र ५८ महिलासहित चार सय ९२ जनाको मृत्यु भएको र एक हजार छ सय ४५ जना घाइते भएको जानकारी दिएको छ। स्वास्थ्यमन्त्री फिरास अबियादले 'हजारौं परिवार' विस्थापित भएको बताए।

पूर्वी लेबनानको प्राचीन सहर बाल्बेक नजिकै भएका विस्फोटहरूले आकाशमा धुवाँको मुस्लो उडाएको थियो।

हिंसा इजरायलको गाजासँगको दक्षिणी सीमाबाट लेबनानसँगको उत्तरी सीमातर्फ सरेपछि विश्वका शक्तिशाली मुलुकहरूले इजरायल र हिजबुल्लाहलाई पूर्ण युद्धको अवस्थाबाट पछि हट्न आग्रह गरेका छन्।

फ्रान्स र इजिप्टले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्लाई हस्तक्षेप गर्न आह्वान गरेका छन् भने इराकले न्युयोर्कमा राष्ट्रसंघीय महासभा बैठक भइरहेका बेला अरब मुलुकहरूको बैठक तत्काल बोलाउन अनुरोध गरेको छ। इजरायलका सेना प्रमुख हेर्जी हालेभीले आक्रमणहरूले हिजबुल्लाहले दुई दशकदेखि निर्माण गर्दै आएको लडाकू पूर्वाधारलाई प्रहार गरेको बताए।

इजरायली रक्षामन्त्री योभ ग्यालेन्टले सोमबारको अभियानलाई 'महत्वपूर्ण शिखर' भनेका छन्। 'यो हिजबुल्लाहको स्थापनादेखि नै सबैभन्दा कठिन साता हो- परिणामले आफैं बताइरहेको छ,' उनले भने, 'साताको शुरुमा गरिएका गतिविधिहरूको परिणामस्वरूप धेरै आतङ्कवादी घाइते हुँदा सम्पूर्ण एकाइ युद्धबाट बाहिरिए।' इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इजरायलले उत्तरमा 'सुरक्षा सन्तुलन' परिवर्तन गर्न काम गरिरहेको बताए।

# श्रीलंकाको नयाँ वामपन्थी सरकारसँग वार्ता गर्न आईएमएफ तयार




**काठमाडौं/एजेन्सी-** अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ)का प्रवक्ताले श्रीलंकाका लागि आफ्नो विवादास्पद दुई अर्ब ९० करोड डलरको उद्धार कार्यक्रमबारे मुलुकको नयाँ सरकारसँग छलफल गर्न तयार रहेको बताएका छन्।

सोमबार मुलुकको पहिलो वामपन्थी राष्ट्रपतिका रूपमा सपथ लिनुभएका अनुरा कुमारा दिसानायकाले अलोकप्रिय कटौती उपायहरू ल्याएको उक्त सम्झौताबारे पुनः वार्ता गर्न चाहेको बताएका थिए।

'श्रीलंकालाई आर्थिक पुनरुत्थानको मार्गमा लैजान सहयोग गरेको कठोर परिश्रमबाट हासिल गरिएका उपलब्धिहरूलाई अगाडि बढाउने दिशामा हामी राष्ट्रपति दिसानायकासँग मिलेर काम गर्न तयार छौं,' वासिङ्टनस्थित आइएमएफका एक प्रवक्ताले उद्धार कार्यक्रमको आवधिक समीक्षालाई सन्दर्भ गर्दै सोमबार भने, 'हामी नयाँ सरकारसँग आइएमएफ-समर्थित कार्यक्रमको तेस्रो समीक्षाको समयबारे सकेसम्म चाँडै छलफल गर्नेछौं।'

निर्वाचनको एक दिनपछि नयाँ राष्ट्रपतिका वरिष्ठ सहयोगी विमल रत्नायकेले आफ्नो पिपुल्स लिबरेसन फ्रन्ट पार्टीले सम्झौताई 'नच्यात्ने' बताए। 'हामी आइएमएफ कार्यक्रमलाई च्यात्दैनौं, यो बाध्यकारी दस्तावेज हो तर पुनः वार्ता गर्ने प्रावधान छ,' उनले भने।

दिसानायकाले पदभार ग्रहण गरेको दिन सोमबार श्रीलंकाको सानो सेयरमा बजार कारोबारको पहिलो केही मिनेटमै तीव्र गिरावट आयो तर चाँडै यसमा सुधार भयो र दिनको अन्त्यमा मुख्य सबै सेयर सूचकांक एक दशमलव १९ प्रतिशतले बढ्यो।

दिसानायकाले आफ्ना पूर्ववर्ती रनिल विक्रमासिङ्घेले दोब्बर बनाएको आयकरलाई घटाउने र खाद्यान्न तथा औषधि बिक्री कर पनि कटौती गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। रत्नायकेले भने, 'हामी ती कटौतीहरूलाई कार्यक्रममा समावेश गर्न र चार वर्षे उद्धार कार्यक्रमलाई निरन्तरता दिन सक्छौं भन्ने हामीलाई लागेको छ।'

दिसानायकाका प्रतिद्वन्द्वीहरूले उनको मार्क्सवादी पार्टीले आइएमएफ कार्यक्रमलाई रद्द गर्ने र मुलुकलाई सन् २०२२ को अराजकताजस्तै आर्थिक संकटमा धकेल्ने आशंका व्यक्त गरेका थिए।

# भारतमा ट्रकले अटो रिक्सालाई ठक्कर दिँदा सात जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** भारतको मध्य प्रदेशको दमोह जिल्लामा मंगलबार साँझ ट्रकले अटोरिक्शालाई ठक्कर दिँदा सात जनाको मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन्। जिल्लाको 'देहट' (ग्रामीण) प्रहरी चौकीको क्षेत्राधिकारमा पर्ने सामन्ना गाउँ नजिकै दुर्घटना भएको हो। घाइतेहरुलाई थप उपचारका लागि जबलपुर लगिएको एक प्रहरी अधिकारीले भने।

'दमोह जिल्लाको सामन्नामा १० जना बोकेको अटोरिक्सालाई ट्रकले ठक्कर दिँदा सात जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। प्राथमिक उपचारपछि घाइतेहरुलाई थप उपचारका लागि जबलपुर मेडिकल कलेज लगिएको छ,' दमोहका प्रहरी उपरीक्षक (एसपी) श्रुतकीर्ति सोमवंशीले बताए।

'अहिलेसम्म हामी घटनास्थलमा ट्रक र अटोको ठक्करको निशान जाँच गरिरहेका छौं। होसमा आएपछि घाइतेको बयान लिइने छ। त्यसपछि दुर्घटनाको कारण पत्ता लगाउन सक्नेछौं। ट्रकको चालक हाम्रो हिरासतमा छ। यस विषयमा थप अनुसन्धान भइरहेको छ,' उनले भने।

यसैबीच, कलेक्टर सुधीर कुमार कोचरले भने, 'एक लापरवाह ट्रकले अटोरिक्सालाई ठक्कर दियो। दुर्घटनामा सात जनाको घटनास्थलमै मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन्। घाइतेहरूलाई अस्पताल ल्याइएको थियो र प्राथमिक उपचार पछि उनीहरूलाई थप उपचारका लागि जबलपुर लगिएको छ।'

मुख्यमन्त्री मोहन यादवले पीडितलाई आवश्यक आर्थिक सहयोगको घोषणा गरेका छन्। मुख्यमन्त्री यादवले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'दमोह जिल्लाको दमोह-कटनी राज्य राजमार्गमा ट्रक र अटो ठोक्किँदा धेरैको ज्यान गएको खबर सुन्दा दुःख लागेको छ। यसमा लापरवाही गर्नेलाई कडा कारबाही गर्न निर्देशन दिइएको छ। यो भयानक सडक दुर्घटना हो।'


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

प्रकाशित मिति : २०८१/०६/०९ गते

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपशिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | औसत क्षमता | शुद्ध क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट सहितको मूल्य रु. | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | led TV | 800*135*500 | HITACHI FUJIAN | 32HF515SM | 32” | 32” | INDIA | Pcs | 16,900.00 | 16,900.00 |
| 2 | led TV | 1060*155*650 | HITACHI FUJIAN | 43HF516FHD | 43” | 43” | INDIA | Pcs | 33,800.00 | 33,800.00 |
| 3 | led TV | 1060*155*650 | HITACHI FUJIAN | HF-43WB6154K | 43” | 43” | INDIA | Pcs | 33,800.00 | 33,800.00 |

जे.एन. इण्डस्ट्रीज प्रा.लि., सँतुगल, काठमाडौं, फोन नं. ९८०१३१५७५०

स्थायी लेखा नं. ६०१८५६५५८



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
## सडक डिभिजन चरिकोट

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति २०८१/०६/०९

यस कार्यालयको मिति २०८१/०४/३२ को सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०४-०८१/८२ अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरूको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ।

तपसिल

| सि. न | ठेक्का नं | स्वीकृतका लागि छनोट भएका बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|
| 1 | RDCHT/33701169/081/82-06 | Baiteshwor Nirman Sewa, Dolakha | 6486474.60 |
| 2 | RDCHT/33701169/081/82-07 | Shiva Nirman Sewa, Dolakha | 5094611.68 |
| 3 | RDCHT/33701169/081/82-08 | Abiral /Saghutar JV, Ramechhap | 5052138.57 |
| 4 | RDCHT/33701169/081/82-09 | Delightful Builders And Suppliers Pvt. Ltd, Dolakha | 5150347.2 |
| 5 | RDCHT/33701169/081/82-10 | Delightful Builders And Suppliers Pvt. Ltd, Dolakha | 5359844.75 |
| 6 | RDCHT/33701169/081/82-11 | Blue bird Nirman sewa, Sindhuli | 4567076.58 |
| 7 | RDCHT/33701169/081/82-12 | Shuva Shree Nirman Sewa, Bhaktapur | 7800096.04 |
| 8 | RDCHT/33701169/081/82-13 | Raktakali Construction, Ramechhap | 5973393.09 |
| 9 | RDCHT/33701169/081/82-14 | Bude Pokhari Construction Pvt Ltd, Kathmandu | 5093172.38 |
| 10 | RDCHT/33701169/081/82-15 | Blue bird Nirman sewa, Sindhuli | 4604912.12 |
| 11 | RDCHT/33701169/081/82-16 | Sijan Bhai Construction And Suppliers, Sindhupalchok | 65g74204.00 |
| 12 | RDCHT/33701169/081/82-17 | Royal Gorkha Construction Pvt. Ltd, Sindhupalchowk | 7879866.48 |
| 13 | RDCHT/33701169/081/82-18 | Jaya Siddhikali Construction and Suppliers Pvt.Ltd, Sindhupalchowk | 8693884.38 |
| 14 | RDCHT/33701169/081/82-19 | Jaya Siddhikali Construction and Suppliers Pvt.Ltd, Sindhupalchowk | 7378179.58 |
| 15 | RDCHT/33701169/081/82-20 | Unique and Unish Construction, Sindhupalchok | 6029268.35 |

डिभिजन प्रमुख



## वर्गीकृत विज्ञापन/डिस्प्ले

### काठ लिलाम विक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०९

यस सामदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्दीमा मौज्दात रहेको विभिन्न ग्रेडको खयर, साल, अस्ना, जामुन गरी जम्मा १०१ थानको ६४९। ५६ क्वीफिट काठलाई शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अध्यक्ष
श्री बागेश्वरी सामुदायिक वन उपभोक्ता समूह
घोडाघोडी नगरपालिका-१ कैलाली

### राहदानी हरायो

मिति २०८१/०६/०४ गते काठमाण्डौं सिनामंगल बाट कोटेश्वर जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको नम्बरमा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ।

Name : Apsara Magar
Address : Ramechhap
Contact no. : 9841140307
PP No. : 10889946

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८१/०६/०९

इम्पायर ट्राभल्स नेपाल प्रा.लि.को २०८१/०५/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिटफोर्स स्पोर्टसवेयर प्रा.लि. (प्रा.लि. नं.: १९३३७३)** कायम गर्ने गरी मिति २०८१/०५/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### हकदावी सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०६/०९

सूचना तथा प्रशासरण विभागमा दर्ता नं. ३४८९-२०७८/०७९ मिति २०७९/०३/२८ मा दर्ता रहेको **श्रीमदानी इन्टरटेनमेन्ट प्रा.लि.**द्वारा संचालित www.kharobichar.com नामक अनलाईन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१/०६/०८ देखी (१५ दिन) भित्र यस कम्पनीको ठेगाना का.म.न.पा. २९ अनामगरमा वा अथवा संचालकको मोवाइल नं. ९८५१०१३६२४ वा इमेलः bhandariagnidhar@gmail.com सम्पर्क गर्न हुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रीया अगाढी बढाईने व्यहोरा अनुरोध छ।

अग्नीधर भण्डारी (अर्जुनराज)
अध्यक्ष/संचालक
मो.नं. ९८५१०१३६२४
इमेल : bhandariagnidhar@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१०/१५ मा दर्ता भएको **प्रा.लि.नं. २०७६१५** को **इनोभेटिव कन्सल्ट डिजाइन प्रा.लि.**को मिति २०८१/०६/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४ त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

### मोटरसाईकल हरायो

मिति २०८१/०५/२५ गते १८:४० बजे का.जि. १६ टौडल संगम टोल मार्गमा कोठा नजिकै पार्किङ् गरि राखेको बा. ०२, ०५२ प. ०७६५ नम्बरको २२० सिसिको कालो/रातो रंगको बजाज कम्पनिको पल्सर मोटर साईकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**सवारी धनी** : नारायण प्रसाद पन्त
**ईन्जिन नं.** : DKXCRA16783
**च्यासिस न** : MD2A13EX7RCB80739
**सम्पर्क नं.** : ९७४५६००४९०

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०९

म्याडमंकि एडभेन्चर्स प्रा.लि.को २०८१/०१/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल एडभेन्चर कम्पनी प्रा.लि. (प्रा.लि. नं.: ३०२९५५)** कायम गर्ने गरी मिति २०८१/०२/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०६/०९

ओडीसे नेपाल ट्रेकिङ्ग प्रा.लि.को २०८१/०४/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सोहम एडभेन्चर प्रा.लि. (प्रा.लि. नं.: ५९५५३)** कायम गर्ने गरी मिति २०८१/०५/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०९

बिजनेस पार्क होटल प्रा.लि.को २०८१/०३/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिजनेस बुटिक होटल प्रा.लि. (प्रा.लि. नं.: २५९००९)** कायम गर्ने गरी मिति २०८१/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०९

मिड ल्याण्ड यात्रा रिङ्ग प्रा.लि.को २०८१/०३/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिडल्याण्ड यात्रा प्रा.लि. (प्रा.लि. नं.: ३३१८६८)** कायम गर्ने गरी मिति २०८१/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## युएईमा रोजगार

कम्पनीः SAIBAN GENERAL SECURITY GUARD SERVICES LLC — शहरः UAE
पुर्व स्वीकृत मितिः २०८१/०६/०४ — चलानी नं.: ६०२२५७६४ — L.T. No.: 311233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 19 | 0 | स. काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः RAPID RESPONSE SECURITY SERVICES — शहरः UAE
पुर्व स्वीकृत मितिः २०८१/०२/२२ — चलानी नं.: ६०२२०५९४ — L.T. No.: 305917 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 33 | 0 | स. काममा दक्ष | 1200 | ४३,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः DVN SECURITY SERVICES शहरः UAE — पुर्व स्वीकृत मितिः २०८०/१२/१२ — चलानी नं.: ६०२१७३४१ — L.T. No.: 302432 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Life Guard | 30 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |
| 3. | Security Guard | 40 | 0 | | 1200 | ४३,५८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**HIMALAYAN GORKHA HR SOLUTION PVT LTD** — Gov. Lic. No. 1586/079/80
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660, Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9767301551, E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np

## साउदीमा रोजगार

कम्पनी : AL-MAHMAL AL-SHARQI AUTOMOBILE WORKSHOP — शहर : AL JUBAIL
पूर्व स्वीकृत मितिः २०८१/०५/३१ — चलानी नंः ६०२२५४२२ — L.T. No.: 310681

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Painter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६७,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Vehicle Body Plumber | 2 | 0 | | 1900 | ६७,५४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

HOPE International — License No: 857/066/67
**Hope International (P) Ltd.**
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
For Location

# बक्स अफिस समाचार

## ‘आँखा’को ट्रेलरमा भुइँमान्छेको कथा



**काठमाडौं / मस–** फरक कथावस्तुमा तयार भएको नेपाली चलचित्र ‘आँखा’को ट्रेलर सार्वजनिक भएको छ । म्युजिक नेपालको युट्युब च्यानलबाट सार्वजनिक भएको साढे २ मिनेट लामो ट्रेलरले बागमती नदी किनारको सुकुम्बासी बस्तीमा बस्दै आएका मानिसको कथालाई सिनेमाले भावनात्मक रूपमा उठान गरेको छ ।

असोज ११ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र ‘आँखा’लाई जौन योन्जनले लेखन तथा निर्देशन गरेका हुन् । यसअघि सार्वजनिक टिजर र गीतलाई उत्कृष्ट प्रतिक्रिया मिल्दा निर्देशक योन्जनले सिनेमाको कथावस्तुलाई संक्षिप्त वर्णन गर्दै ट्रेलरलाई पनि सोहि प्रकृतिले सुन्दर बनाउने प्रयास गरेका छन् । भुइँमान्छेको कथा प्रस्तुत गरिएको ट्रेलरमा फोहोरमा राजनिति र दुई वर्गबिचको खाडल देख्न सकिन्छ ।

चलचित्रमा स्मिता लामिछाने, आरके मेहता, निशा अधिकारी, बुद्धि तामाङ, विजय बराल, सरोज खनालगायतका कलाकारहरूको अभिनय रहेको छ । चलचित्रमा मुख्य भुमिकामा स्मिता लामिछाने र आर के मेहता देखिन्छन् । लामिछानेले यसअघि बाह्र सत्ताइस, म राजेश हमाल लगायतका थुप्रै चलचित्रहरुमा अभिनय गरिसकेकी छिन् भने आर के मेहताले यसै चलचित्रमार्फत् डेब्यु गरेका छन् । उनले यो चलचित्रको लागि १५ किलो वजन घटाएका थिए ।

रंगमञ्चमा लामो समय सक्रिय मेहताले शिल्पी थिएटरमा जेसिमो बेटा भर्सन, कोमा, माफ्फिपा लाखे, नारी, के लाग्यो हाल्का ले, एल्लो कमेडी जस्ता थुप्रै नाटकहरु गरेका थिए । उनी ‘हारजित’ ‘बीच’, ‘जिउँदो आकाश’ नाटकका अभिनेता तथा निर्देशक पनि हुन् । उनले इटालीमा एकडेमिया डेल् आर्तेमा फिजिकल थिएटरको डिप्लोमा गरेर त्यही प्रशिक्षण पनि दिएका थिए । इटालीमा पनि उनले धेरै प्रदर्शनहरू गर्नुका साथै नेपालको मण्डला थिएटर, कान्तिपुर फिल्म एकेडेमी, एनएफडीसी, पिफिटमा पनि ओर्कसप दिएका थिए ।

लामा सिनेमाजको ब्यानर तथा ढाका टोपी फिल्म्स, कार्यक्रम नेपाल, साइलेन्ट एक्ट र ट्राइडेन्ट कन्सेप्टको सहकार्यमा यो चलचित्र निर्माण गरिएको हो । सम्पादन कृष्ण भण्डारीले गरेका छन् भने छायाँकन आलोक शुक्लाको रहेको छ । सुकुम्बासी बस्तीमा बस्दै आएको घर सम्पतिविहिन दम्पतिले जीविकोपार्जनको लागि गर्नुपरेको संघर्ष र त्योबीचमा उत्पन्न परिस्थितिलाई सिनेमाको कथावस्तु बनाइएको छ ।

## फिल्ममा धुर्मुसको कमब्याक



**काठमाडौं / मस–** पाँच वर्षपछि हास्य कलाकार सीताराम कट्टेल ‘धुर्मुस’ फिल्ममा फर्किएका छन् । कुमार कट्टेल (जिग्री ब्रो) को निर्देशनमा दुई सातादेखि डोल्पामा छायाँकनरत फिल्म ‘लाज शरणम्’बाट सितारामले कमब्याक गरेका हुन् ।

केही तस्वीरमा धुर्मुस अर्जुन घिमिरे पाँडेलगायत फिल्मका अन्य कलाकारसँग सेटमा देखिएका छन् । छायांकन सेटबाट केही टिकटक भिडियो पनि सार्वजनिक भएका छन् । फिल्ममा उनको महत्वपूर्ण भूमिका रहेको बताइएको छ ।

फिल्ममा उनको प्रवेशलाई निर्माण टिमले भने गोप्य राखेको छ । उनलाई एकैपटक फर्स्टलुक पोस्टरमार्फत् सार्वजनिक गर्ने तयारी भइरहेको बताइएको छ ।

फिल्ममा सितारामसहित अर्जुन घिमिरे, मुकुन्द श्रेष्ठ, विजय बराल, महेश त्रिपाठी, कमलमणी नेपाल, हरिश निरौला, रेनुनाथ योगी, सागर लम्साल, बबिन राई, प्रियना आचार्य, माला लिम्बू लगायत पनि अभिनय छ । आगामी फागुन १४ गते (शिवरात्री)लाई प्रदर्शन मिति घोषणा गरिएको फिल्मले सामाजिक कथालाई हास्य शैलीमा प्रस्तुत गर्ने जनाएको छ ।

## पूर्णिमा लामालाई सर्वोत्कृष्ट गायिकाको अवार्ड



**काठमाडौं / मस–** ‘विश्व संस्कृति तामाङ तथा नेपाली म्युजिक अवार्ड २०२४’ को सर्वोत्कृष्ट गायिका तर्फको अवार्डबाट पूर्णिमा लामा सम्मानित भएकी छन् । ‘जीवनको यो आफ्नै नाटक’ बोलको गीतबाट उनले आधुनिक तथा पप गायिका विधाबाट सर्वोत्कृष्ट गायिकाको अवार्ड पाएकी हुन् ।

नेपाली गीत संगीत क्षेत्रमा लामाले पुर्‍याएको योगदानको उच्च मूल्यांकन गर्दै आयोजक कमिटीद्वारा लामालाई अवार्डको प्रमाणपत्र प्रदान गरिएको थियो । डेढ दशकदेखि गायनमा निरन्तर सक्रिय गायिका लामाका ‘हिजोसम्म मलाई माया’, ‘डाँडापारि मेरो माया’, ‘आमा’, ‘भाग्यले नि छल्छ’, ‘मुटु जली खरानी भो’ सहित उनको स्वरमा करिब ७०० भन्दा बढी गीत सार्वजनिक भएका छन् ।

उनका ‘आगो’, ‘बन्दुक र गोली’ लगायतका गीतले मिलियन बढी भ्यूज पाएका छन् । संगीत नै नजिकको साथी बताउने गायिका लामा गीत संगीतको ज्ञान सदाबहार चाहिने बताउँछिन् । बिनाअध्ययन र ज्ञान संगीत अधुरो रहेको उनको भनाइ छ ।

## ‘फिरफिरे फिरिरी’ कात्तिक २२ मा

**काठमाडौं / मस–** फिल्म ‘फिरफिरे फिरिरी’को फस्टलुक पोस्टर सार्वजनिक गरिएको छ । १५ वर्षपछि फेरि फिल्म निर्माणमा फर्किएका मनोज कुमार अधिकारीले निर्माण गरेको फिल्मको सोमबार पहिलो पोस्टर रिलिज गरिएको हो ।

सार्वजनिक पोस्टरमा चारजना पात्रहरु प्रस्तुत छन् । स्कुटीमा बसिरहेकी युवतीलाई तीन जना युवाहरुले तानातान गर्दै गरेको देखाइएको छ । फिल्मको पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति पनि घोषणा गरिएको छ । फिल्म आगामी कात्तिक २२ गते (छठ पर्व) बाट प्रदर्शनमा आउने भएको छ ।

नविन भट्टको निर्देशनमा बनेको यो फिल्मबाट सन्दीप श्रेष्ठ र भावना उप्रेतीले डेब्यु गरेका छन् भने मनोज कुमार अधिकारी, रविना केसी, शंकर सेढाई, पिटर प्रिन्स, पुष्प अवस्थी, सूर्यमान लिम्बू लगायतको पनि अभिनय छ । निर्देशक भट्टले सन्दीप श्रेष्ठसँग मिलेर फिल्मको स्क्रिप्ट तयार पारेका हुन् । ‘आज साइकल, भोलि फरारी’ ट्यागलाइन दिइएको फिल्म हरर-कमेडी जनरामा बनेको हो ।

फिल्ममा जितु तामाङको छायाँकन, केशवराज भट्टको कोरियोग्राफी, एलिस कार्कीको ब्याकग्राउन्ड म्यूजिक, प्रशान्त सिवाकोटीको संगीत, अमित श्रेष्ठको साउण्ड डिजाइन तथा अनन्त घिमिरेको सम्पादन र रंग संयोजन छ ।


### कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Staris HR Services Pvt. Ltd. (श्रम इजाजत पत्र नं. १३२४/०७४/०७५ ) मा कार्यरत निम्न कर्मचारी यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | दिपा बोहोरा | डकुमेन्टेसन | २७-०१-७१-०१८४७ |
| २. | गणेशराज अधिकारी | लेखा | १६७८७ |
| ३. | युविन लामा | डकुमेन्टेसन | २९-०१-७२-०१२३२ |
| ४. | नविना गोपाली | लेखा | ३१-६९-००-१२१६९ |
| ५. | काजल राना | रिसेप्सनिष्ट | ४२-०२-७३-०२३०० |

STARIS HR SERVICES PVT. LTD.
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762 , CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

### काठ दाउरा बिक्रि लिलाम सम्बन्धी १५ दिने सूचना

**तेस्रो पटक प्रकाशित २०८१/६/९ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ५ मा रहेको यस सामुदायिक बन उपभोक्ता समुहको बन क्षेत्र बाट आ.ब. २०८०/२०८१ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको सालको गोलिया ८९ थानको ५५१.९२ क्यु. फिट साजको गोलिया ३१ थानको ५३७.४३ क्यु फिट जम्मा गोलिया १३५ थान १०८९.३५ क्यु.फिट काठ सामुदायिक वनको घाटगदिमा मौज्दात रहे काले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकासन भएको मितिले १५ दिनभित्र बोलपत्र खरिद गरि १६ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स.को कार्यालय तथा सम्बन्धी अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको ब्यहोरा समेत सुचित गरिन्छ ।

**श्री शिबसमाज सामुदायिक बन उपभोक्ता समूह घोडाघोडि नगरपालिका ५ कैलाली**

### काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना

**प्रथम पटक प्रकाशित २०८१/६/९ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ५ मा रहेको यस सामुदायिक बन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.ब. २०८०/२०८१ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको साल ४१ थान ४७५.७४ क्यु.फिट, अस्ना १३ थान २०९.५८ क्यु.फिट जम्मा गोलिया ५४ थानको ६८५.३२ क्यु.फिट काठ सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक ब्यक्ति, सघं र सस्थां, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकासन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स.को कार्यालय तथा सम्बन्धी अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको ब्यहोरा समेत सुचित गरिन्छ ।

**श्री शिव समाज सामुदायिक बन उपभोक्ता समूह घोडाघोडी नगरपालिका ५ कैलाली**



### कुवेत र साउदीमा रोजगार

१. कम्पनी: DEEP CLEAN CARPET CLEANING COMPANY — शहर: KUWAIT,KHAITAN
पूर्व स्वीकृत मिति: २०८१/०६/०८ — चलानी नं.: ६०२२५७६८ — LT. No.: 311230

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Light | 11 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५९,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Workers | 1 | 0 | | 100 | ४३,७१९ | | | | | | | |

२. कम्पनी: Al-Ati Building Construction Company — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०६/०८ — चलानी नं.: ६०२२५७६७ — LT. No.: 311229

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secretary | 0 | 1 | स. काममा दक्ष | 150 | ६५,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Zaid Muhammad Darwish &Partners Radiator Factory Company — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०६/०७ — चलानी नं.: ६०२२५७७० — LT. No.: 311212

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 1341/074/075
AAYUSH OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu | Tel: 01-015918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

### KUWAIT & QATAR मा रोजगार

कम्पनी: AL MUHAINI COMPANY FOR SPECIALIZED CLEANING OF BUILDING / BASSAM ALI ATTIA AL-MUHAINI AND PARTNERS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०५/०४ — चलानी नं.: ६०२०६५०० — LT. No.: 291306 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | स. काममा दक्ष | 120 | ५२,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FERAH TURKISH SALON — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०६/०८ — चलानी नं.: ६०२२५७६० — LT. No.: 311224

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Beautician | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1700 | ६२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hanna Beautician | 0 | 1 | | 1700 | ६२,२२० | | | | | | | |
| 3. | Masseurs | 0 | 1 | | 3000 | १०९,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज १६ गते (2 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Govt. Lic. No. 1423/074/075
Confident International Manpower Pvt. Ltd.
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

### यूएईमा रोजगार

कम्पनी : ALIGN TEAM LLC — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/०७ — चलानी नं: ६०२२५७४८ — L.T. No.: 311187

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Host | 25 | 25 | | 1200 | ४३,५८४ | | | | | | | |
| 3. | Kitchen Helper | 10 | 20 | | 900 | ३२,६८८ | | | | | | | |
| 4. | Stewards | 20 | 0 | | 1100 | ३९,९५२ | | | | | | | |
| 5. | Waiters/waitresses | 15 | 15 | | 1200 | ४३,५८४ | | | | | | | |

